# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६ | बुटवल | २०८२ पौष २६ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday January10, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन् परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# विशेष महाधिवेशनको पक्षमा ५० प्रतिशत बढी

**प्रतिशतका आधारमा सबैभन्दा बढी हस्ताक्षर पाल्पा र दार्चुलाबाट भएको छ भने कम मुस्ताङमा भएको छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसमा विशेष महाधिवेशनको पक्षमा ५० प्रतिशत बढीले हस्ताक्षर गरेको उक्त पक्षले दाबी गरेको छ।

यसअघि ५४ प्रतिशतले हस्ताक्षर गरेर विशेष महाधिवेशन माग गरेका थिए। तर संस्थापन पक्षले विशेष महाधिवेशनको पक्षमा बहुमत पुऱ्याउन नदिन प्रतिनिधिहरूलाई दबाब सिर्जना गरेको थियो। जसका कारण ४ प्रतिशत प्रतिनिधि कम भएको हो।

प्रतिशतका आधारमा सबैभन्दा बढी हस्ताक्षर पाल्पा र दार्चुलाबाट भएको छ भने सबैभन्दा कम मुस्ताङमा हस्ताक्षर भएको छ। एक प्रतिनिधि सभा क्षेत्र बराबर २५ जना महाधिवेशन प्रतिनिधि हुने विधानको व्यवस्था छ।

महामन्त्री विश्वप्रकाश शर्माका अनुसार २४ सय ८८ जना प्रतिनिधिमा यो बिचमा २४ जनाले हस्ताक्षर फिर्ता गरेका छन्। ७७ जिल्ला, भ्रातृ एवं शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्क समितिबाट थपिएर २५ सय ७१ जना प्रतिनिधि विशेषको पक्षमा देखिएका छन्।

उक्त अंकमा बुधबार र बिहीबार हस्ताक्षर गरेका अझै थपिने महामन्त्री शर्माको दाबी छ। प्रदेशगतरुमा कोशीका १४ जिल्लामा सबैमा ५० प्रतिशतभन्दा बढी प्रतिनिधिले हस्ताक्षर गरेका छन्। महामन्त्री विश्वप्रकाश शर्मा र नेता कृष्ण सिटौलाको गृह जिल्ला झापाका १२५ प्रतिनिधिमा ७२ जनाले हस्ताक्षर गरेका छन्।

कोशीमा प्रतिशतका आधारमा धेरै जनाले हस्ताक्षर गर्नेमा सुनसरी बनेको छ। सुनसरीमा ७८ जनाले हस्ताक्षर गरेका छन्।

संस्थापनइतरका नेता डा.शेखर कोइरालाको गृह जिल्ला मोरङका १५० प्रतिनिधिमध्ये ९७ जनाले विशेष महाधिवेशनका पक्षमा देखिएका छन्। इलामबाट ३७, पाँचथरमा १९, ताप्लेजुङमा १३, संखुवासभामा २०, तेह्रथुममा २१, भोजपुरमा १५, धनकुटामा १६, खोटाङमा १३, सोलुखुम्बका १८, ओखलढुङ्गाका १३ र उदयपुरबाट ४२ जनाले विशेष महाधिवेशनको पक्षमा उभिएका छन्।

आठ जिल्ला रहेको मधेसमा प्रत्येक प्रतिनिधिसभाबाट २५ जना महाधिवेशन प्रतिनिधि हुने व्यवस्थाअनुसार आठ सय प्रतिनिधि छनोट हुन्छन्। विशेष महाधिवेशनको पक्षमा धनुषा र पर्सा बाहेकका जिल्लामा ५० प्रतिशत बढीले हस्ताक्षर गरेका छन्।

सप्तरीमा ६१, सिरहामा ५८, धनुषामा २५, महोत्तरीमा ५३, सर्लाहीमा ७१, रौतहटमा ७०, बारामा ७२ र पर्सामा ३४ जना विशेष महाधिवेशनको पक्षमा छन्।

बागमतीका १३ जिल्लामा प्रतिशतका आधारमा सबैभन्दा बढी हस्ताक्षर चितवनमा भएको छ भने कम दोलखाबाट भएको छ।

चितवनका ७५ प्रतिनिधिमा ६३ जना विशेषको पक्षमा देखिएका छन्। दोलखामा २५ महााधिवेशन प्रतिनिधिमा ८ जना विशेषको पक्षमा देखिएका छन्।



धादिङमा ३८, रसुवामा २१, सिन्धुपाल्चोकमा २८, रामेछापमा १६, नुवाकोटमा २९, काभ्रेपलाञ्चोकमा ३१ जना विशेषको पक्षमा देखिएका छन्। ३०० प्रतिनिधि रहेको काठमाडौँबाट १६१ जना विशेषको पक्षमा लागेका छन्। भक्तपुरमा २६ जनाले हस्ताक्षर गरेकोमा पाँच जनाले नियमित हुने शर्तमा हस्ताक्षर गरेर नाम फिर्ता लिएको जानकारी गराएका थिए। ललितपुरमा ३०, सिन्धुलीमा ३३ र मकवानपुरबाट २५ जना विशेषको पक्षमा छन्।

गण्डकीका जिल्लामा हस्ताक्षर गर्नेहरुमा प्रतिशतका आधारमा सर्वाधिक गोरखा छ भने कम मुस्ताङबाट हस्ताक्षर भएको छ।

५० महाधिवेशन प्रतिनिधि रहेको गोरखामा ४७ जना विशेषको पक्षमा खुलेका छन्। मुस्ताङका २५ प्रतिनिधिमा विशेषमा हस्ताक्षर गर्ने एक जना मात्रै छन्।तनहुँमा २५, स्याङ्जामा २६, लमजुङमा २३, कास्कीमा ४७, मनाङमा ४, पर्वतमा २०, बागलुङमा ३५, म्याग्दीमा १७ र नवलपुरबाट ३३ जना विशेषको पक्षमा छन्।

लुम्बिनीका जिल्लाहरुमा विशेष पक्ष सर्वाधिक बलियो पाल्पामा देखिएको छ। पाल्पामा ५० प्रतिनिधिमा ४९ जना विशेषको पक्षमा लागेका छन्। दुईटा निर्वाचन क्षेत्र भएको बर्दियामा भने विशेषको पक्षमा ८ जना देखिएका छन्।

नवलपरासीमा ३२, रुपन्देहीमा ७८, कपिलवस्तुमा ४३, अर्घाखाँचीमा २३, गुल्मीमा ४२, दाङमा २७, प्युठानमा १३, पूर्वी रुकुममा २१, रोल्पामा २४ र बाँकेमा २५ जना विशेष महाधिवेशनको पक्षमा छन्।कार्यवाहक सभापति पूर्णबहादुर खड्काको गृह प्रदेश कर्णालीमा विशेष पक्षधर तुलनात्मक रुपमा सुर्खेत र हुम्लामा कमजोर देखिएको छ। सुर्खेत कार्यवाहक सभापति खड्काको गृह जिल्ला समेत हो।कर्णालीका थप जिल्लाहरुमा पश्चिम रुकुममा ९, सल्यानमा १२, दैलेखमा ३१, जाजरकोटमा १८, डोल्पामा २१, जुम्लामा १९, कालिकोटमा १३, मुगुमा १३ र हुम्लामा ४ जना विशेष महाधिवेशनको पक्षमा देखिएका छन्।

सभापति शेरबहादुर देउवाको गृह प्रदेशमा अन्य प्रदेशको तुलनामा विशेष महाधिवेशनको पक्षमा कम देखिएका छन्। दार्चुलामा एक जना बाहेकले सबै विशेषको पक्षमा देखिएको दाबी गरिएको छ भने डडेलधुरामा दुई जनाले मात्रै हस्ताक्षर गरेका छन्।

पाँच क्षेत्र रहेको कैलालीमा १२५ जना महाधिवेशन प्रतिनिधि छन्। ती मध्ये विशेषको पक्षमा ३० जना खुलेका छन्। डोटीमा ११, अछाममा ३०, बाजुरामा १८, बझाङमा ७, कञ्चनपुरमा १४ र बैतडीमा १३ जना विशेष महाधिवेशनको पक्षमा छन्।

भ्रातृ संस्थाबाट पाँच र शुभेच्छुक संस्थाबाट तीन जना महाधिवेशन प्रतिनिधि छनोट हुने व्यवस्था छ। विदेशस्थित जनसम्पर्क समितिको हकमा ५ सयभन्दा कम क्रियाशील भएको देशबाट एक जना प्रतिनिधि हुने व्यवस्था छ।

५ सय देखि दुई हजारसम्म सदस्य रहेका देशमा ७ जना र त्यसभन्दा माथि सदस्य संख्या भएको देशबाट १७ जना प्रतिनिधि छनोट गरिने विधि छ। भ्रातृ र शुभेच्छुक संस्थाबाट ७१ जना विशेषको पक्षमा खुलेको विशेष महाधिवेशन पक्षधरको दाबी छ।

१४औं महाधिवेशनमा विदेशस्थित जनसम्पर्क समितिहरुमा २९ देशबाट प्रतिनिधि सहभागी भएका थिए। दुई हजार बढी क्रियाशील सदस्य रहेका अमेरिका, बेलायत, भारत र जापानबाट १४ जना प्रतिनिधि छनोट हुन्छन्।

गत महाधिवेशनमा सहभागी भएका जनसम्पर्क समितिका प्रतिनिधिहरुमा १२६ जना विशेषको पक्षमा देखिएका छन्।

## कोटहीमाइमा ३ सय ५५ वटा कार्यक्रम पूरा

**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको कोटहीमाई गाउँपालिकाले एक वर्षको अवधिमा ३ सय ५५ वटा योजना तथा कार्यक्रम सम्पन्न गरेको छ।

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरेका विकास निर्माण, सामाजिक सेवा, प्रशासनिक सुधार तथा सुशासनसम्बन्धी गतिविधिहरूले प्रतिवेदन सार्वजनिक गरी एक वर्षको अवधिमा भएका ३ सय ७० वटा योजनामध्ये ३ सय ५५ वटा योजना तथा कार्यक्रम सम्पन्न भएको जनाएको छ।

वडास्तरबाट १ सय ४ वटा योजना तथा १ सय ६ वटा कार्यक्रम र पालिकास्तरबाट ४५ वटा योजना तथा १ सय वटा कार्यक्रम सम्पन्न भएका छन् भने बाँकी १५ वटा योजना सम्पन्न हुन नसकेको पालिकाले जानकारी दिएको छ। भौतिक पूर्वाधारदेखि शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा, सूचना प्रविधि र आर्थिक प्रशासनसम्म फैलिएका कार्यक्रमहरूले पालिकाको समग्र विकास यात्राको रुपमा दस्ताबेज बनाएको छ।

पालिकामा आर्थिक वर्ष २०८१/०८२ मा १४.२ किलोमिटर ग्राभेल सडक, ३.९५ किलोमिटर पीसीसी सडक र २.४५ किलोमिटर नाली निर्माण भएको छ। यससँगै २ सय २४ थान बोरिङ, २ सय ६० वटा ह्याण्डपम्प जडान, धार्मिक तथा शैक्षिक संरचनातर्फ १७ वटा मठमन्दिर मर्मत, ३७ वटा विद्यालय मर्मत तथा ३ सय ६३ मिटर कम्पाउण्ड वाल निर्माण भएको गाउँपालिका योजना शाखा प्रमुख फडेन्द्रप्रसाद बगालेले जानकारी दिए।

पालिकामातहत रहेका ७ वटा वडा कार्यालय र ७ वटा स्वास्थ्य चौकीको भौतिक संरचना, १ आयुर्वेद औषधालय र पालिकाको पक्की भवनबाट ८९ जना कर्मचारीमार्फत् विभिन्न सेवा प्रवाह भइरहेको छ। पालिकामा ३३ जना स्थायी, ५६ जना अस्थायी, करार तथा ज्यालादारी कर्मचारी कार्यरत रहेका छन्।

रोजगार सेवा शाखाबाट प्रदान गरिएका सेवाबाट ३५ जनाले १ हजार ९ सय ६२ दिन रोजगारी पाएका छन्। कोटहीमाई रोजगार सेवा केन्द्रका संयोजक कृष्ण यादवका अनुसार पालिकाका विभिन्न वडामा ९ वटा आयोजना सम्पन्न भएका छन्। सोही शाखाबाट श्रम स्वीकृति, वैदेशिक रोजगार परामर्श सेवा, शव ढुवानी, उद्धार तथा खोजतलास, बिरामी तथा अंगभंग तथा क्षतिपूर्ति दिलाउने जस्ता सेवामार्फत ६५ जनालाई सेवा प्रदान गरिएको पालिकाले जनाएको छ।

योग्यता पुगेका पालिकाभित्रका ३ हजार ९ सय ४७ जनालाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ, सामाजिक सुरक्षा भत्ता प्रत्येक आर्थिक वर्षमा ४ किस्तामा ४ वटा बैंकमार्फत् वितरण हुँदै आएको छ। यस्तै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले पालिकाभित्रका ३९ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको छ। जसमध्ये १ जनालाई रातो कार्ड, १८ जनालाई निलो कार्ड, १ जनालाई पहेँलो कार्ड र १ जनालाई सेतो कार्ड वितरण गरिएको छ।

कृषि शाखाबाट आर्थिक वर्ष २०८१/०८२ मा फलफूल बिरुवा वितरण, च्याउ खेती प्रवर्धनको लागि बिउ वितरण, हरियो मल प्रवर्धन, बेमौसमी तरकारी खेती किट वितरण, माटो सुधारको लागि पोषक तत्व वितरण, विषदी वितरण, रोग तथा किरा रोग नियन्त्रण तथा आर्गेनिक खेती कार्यक्रमसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएको शाखाले जानकारी दिएको छ।

एक वर्षमा पालिकाबाट ६८ लाख ४० हजार २ सय ४८ रुपैयाँ राजस्व सङ्कलन भएको राजस्व शाखाले जानकारी दिएको छ।

» *बाँकी ३ पेजमा*

## जेनजी आन्दोलनमा ७८ करोड नगदको क्षति

बुटवल। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा साढे २३ करोड रुपैयाँभन्दा धेरै नोट जलेर नष्ट भएको छ। आन्दोलमा नगद क्षति साढे ७८ करोडको भए पनि जलेर नष्ट भएको २३ करोड ६९ लाख बराबर हो।

जेनजी आन्दोलपछि बनेको अन्तरिम सरकारले गठन गरेको क्षति मूल्यांकन तथा सार्वजनिक संरचना पुनर्निर्माण योजना तयारी समितिको प्रतिवेदन २०८२ अनुसार नगद तथा बहुमूल्य वस्तु वा सम्पत्तिमा पुगेको समग्र क्षति कुल २ अर्ब ८१ करोड ३४ लाख बराबर छ। त्यसमध्ये चोरीका कारण ३२ करोड ८१ लाख रुपैयाँ क्षति पुगेको छ भने तोडफोडका कारण नगदमा पुगेको क्षति २२ करोड बराबर छ।

कुल क्षति रकममध्ये चोरीबाट ५७.५ प्रतिशत, तोडफोडबाट ११.६ र आगजनीबाट ३०.९ प्रतिशत क्षति भएको प्रतिवेदनमा उल्लेख छ। सुन, चाँदी, हिरामोती जस्ता बहुमूल्य धातुमा समेत चोरीबाट १ अर्ब २ करोड ६४ लाख बराबर क्षति भएको छ। यस्ता धातुमा आगजनी र तोडफोडका कारण क्रमशः १३ करोड ११ लाख र ९३ लाख बारबरको क्षति पुगेको छ। यस्तै अन्य बहुमूल्य वस्तुमा पनि आगजनी र तोडफोडको तुलनामा चोरी क्षतिको प्रमुख कारण देखिएको प्रतिवेदनमा छ। निजी प्रतिष्ठानहरूसँग रहेको नगद मौज्दात तथा सुनचाँदी लगायत बहुमूल्य वस्तुमा पुगेको क्षतिको रकम ५६ करोड १८ लाख बराबर छ। यो रकम निजी प्रतिष्ठानहरूले बेहोरेको कुल क्षतिको २.६ प्रतिशत हो।

नगद तथा बहुमूल्य वस्तुमा पुगेको क्षति मुख्यतः चोरी र आगजनी घटनाबाट भएको देखिन्छ। कुल क्षति रकममध्ये सबैभन्दा ठूलो अंश अन्य बहुमूल्य वस्तुको ६३.२ प्रतिशत छ। यस्तै नगदतर्फ कुल २० करोड ३९ लाख क्षतिमध्ये सबैभन्दा धेरै आगजनीबाट ६७.९ प्रतिशत भएको छ भने चोरीको कारण २०.६९ प्रतिशत भएको छ।

त्यसैगरी घरपरिवारको नगद तथा बहुमूल्य वस्तुमा भएको क्षति हेर्दा सबैभन्दा बढी क्षति सुन, चाँदी, हिरा, मोतीमा ७५ करोड ३१ लाख बराबर छ। नगदमा १२ करोड ६५ लाख र अन्य बहुमूल्य वस्तुमा ७ करोड ५८ लाख क्षति भएको प्रतिवेदनमा उल्लेख छ। क्षतिको कारणअनुसार हेर्दा चोरीबाट सबैभन्दा बढी ७३ करोड ४३ लाख, त्यसपछि आगजनीबाट १७ करोड ६ लाख र तोडफोडबाट ५ करोड ४ लाख बराबर क्षति भएको छ।

सामुदायिक तथा अन्य क्षेत्रको नगद तथा बहुमूल्य वस्तुमा भएको क्षतिमध्ये नगदतर्फ ३३ करोड ७० लाख क्षति भएको देखिन्छ। अन्य बहुमूल्य वस्तुमा १६ करोड २३ लाख क्षति भएको छ।

प्रतिनिधिसभा निर्वाचन :

## समानुपातिकको मतपत्र छपाइ सुरु



बुटवल। निर्वाचन आयोगले समानुपातिकतर्फको मतपत्र छपाइ सुरु गरेको छ।

शुक्रबारबाट समानुपातिकतर्फको मतपत्र छपाइ सुरु भएको हो। निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईकाअनुसार समानुपातिकतर्फको मतपत्रमा ५८ वटा चुनाव चिह्न रहनेछ।

यही पुस १३ र १४ गते राजनीतिक दललाई समानुपातिकतर्फको बन्दसूची बुझाउन समय दिइएको थियो। त्यसबेला ६४ वटा दलले सूची बुझाएका थिए। त्यसमा १० वटा दलले एकल चुनाव चिह्नमा नाम दिएका छन्। 'समानुपातिकतर्फको मतपत्र शुक्रबारबाट सुरु भएको छ। जसमा ५८ दलको चिह्न मतपत्रमा हुनेछ,' भट्टराईले भने-'प्रत्यक्षतर्फको मतपत्र भने आगामी माघ १० गते पछाडिबाट मात्रै छपाइको काम सुरु हुन सक्नेछ।'

आगामी २१ फागुनमा हुने निर्वाचनका लागि प्रतयक्षतर्फ उम्मेदवारी दर्ताको समय माघ ६ गतेका लागि छ। माघ ९ गते निर्वाचन चिह्न वितरण गर्ने कार्यक्रम छ। त्यसपछि बल्ल मतपत्र छपाइ सुरु हुनेछ। नमूना मतपत्र छपाइको काम भने सकिएको छ। आयोगका प्रवक्ता भट्टराईका प्रत्यक्ष र समानुपातिकतर्फ दुवैको पाँच/पाँच लाख नमूना मतपत्र छापिएको छ। मतदाता शिक्षाका लागि मतपत्र छापिएको हो।' उनका अनुसार नमूना मतपत्रमा राजनीतिक दलहरूले पाएको चुनाव चिह्न छैन। तर कलर वास्तविक मतपत्रको जस्तै छ। उस्तै कलर हुँदा मतदातालाई पछि सम्झिन समेत सहज हुने आयोगको विश्वास छ।

**माघ ३ देखि आचारसंहिता**

प्रधानमन्त्री सुशीला कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीबाट आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिताबारे जानकारी गराइएको छ। निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्त र उच्चअधिकारीहरूले प्रधानमन्त्री कार्कीलाई भेटेर सो जानकारी गराउनुका साथै निर्वाचनको व्यवस्थापन र तयारीका विषयमा छलफल भएको हो।

आयोगले निर्वाचनका लागि आगामी माघ ३ गतेदेखि निर्वाचन आचारसंहिता जारी गर्ने जानकारी प्रधानमन्त्री कार्कीलाई गराएको छ। भेटका अवसरमा अर्थमन्त्री रामेश्वर खनाल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिकुमार सिन्हा, मुख्यसचिवलगायत सहभागी भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर



२०८२ पौष २६ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

थकित बूढो घाम
गोधुली–क्षितिजतिर जब पस्छ
जिन्दगीको हाँगाबाट
मेरो उमेरको एउटा पात
अँध्यारो नदीमा खस्छ...

**विक्रम सुब्बा**

('एक दिन' कविता)

कथा

# ड्राइभरको आँखा

**बिना थिङ**

ओई श्याममाया । छिटो आइजो ।' लोकेन्द्र धोद्रो स्वर सुनियो । बिग्रेको टेपरेकर्डर जस्तो ।

'यो लोकेन्द्रे सधैं यसरी किन च्याँठिन्छ हँ ?'

मैले मनमनै सोचें । अलिकति झ्याल उघारें । तल आँगनमा लोकेन्द्र उभिएको थियो । उसले काखीमा किताब च्यापेको थियो ।

फिक्का नीलो रङको सर्ट । गाढा नीलो रङको पेन्ट । खुट्टामा नीलो रङको पायल चप्पल । टाउकाको मध्यभागमा झुन्डिएको टुप्पी । उसको लाम्चो अनुहारमा सबैभन्दा नसुहाएको त्यो नाक थियो । घिरौंलाजस्तो । मेरा आँखा भित्ते घडीमा झुन्डियो । छोटो सुई नौ र लामो सुई तीन नम्बरमा अडिएको थियो ।

'हत्तेरी ! आज पनि स्कुल ढिला पुगिने भइयो ।' म आफैंसँग भुत्भुताएँ ।

'तँ जाँदै गर ।' मैले ठूलो स्वरमा लोकेन्द्रलाई भनें ।

झ्याल ढप्काएँ । मलाई लोकेन्द्रसँग हिँड्न मन थिएन । त्यो सक्दो मेरो सास भेटूँजस्तो गर्छ । टाँसिनै खोज्छ । मुर्दा ! केटा मान्छे न हो । खाँबोमा टाँगिएको ऐना नियालें । अनुहारको पातलो आँखीभौं हेरेर दिक्क मानें । जतिपटक सम्याए पनि भुक्क उठिरहने कपाल सम्याएँ । थेप्चो नाकको नत्थी एकपटक घुमाएँ । कुर्था फुकालें । भित्री टिसर्ट फुकालें । ऐनामा फक्रँदै गरेको यौवन प्रतिविम्बित भयो । एउटा अनौठो तरङ्ग व्याप्त भयो । मनभरि । कस्तो कस्तो । लाज लागेजस्तो । अप्ठ्यारोजस्तो । आफ्नो शरीरमा प्राकृतिक रूपमा उत्पन्न भएको दुःखाइ मीठो लाग्यो । तर अस्तिको घटनाले मन भरङ्ग भएर आयो ।

त्यो बिहान धमिलो थियो । घाम बादलको पर्दा लाएर बसेजस्तो । आमाले मलाई दोकान जान भन्नुभयो । मर्चा किन्न । जुङ्गे साहुजीकोमा । त्यो साहुजीको जुङ्गा बाक्लो थियो । कालो, लामो । कानसम्म पुगेको । आँखा त्यस्तै निख्खर काला । हात-गोडा भने सेता । बोक्रा ताछिएको किम्बुको रूखजस्तो । समग्रमा मलाई जुङ्गे साहुजी किम्बुको रूखमा भेटिने झुसिलकीराजस्तो लाग्थ्यो । उसलाई देख्दा मेरो आङ सिरिङ्ग हुन्थ्यो ।

'त्यो मुर्दा जुङ्गे साहुजीले मेरो गालामा दाह्री धसिदियो,' अस्ति प्रसन्नाले भनेकी थिई । मलाई पनि त्यसै गरिदिने हुन् कि ? मलाई सकस लाग्यो । तर अन्त मर्चा पाइन्नथियो । 'साहुजी मर्चा छ ?' मैले दोकानको ढोकामै उभिएर सोधें । एउटा मात्र खापा खोलिएको थियो । घाम नउघ्रिएकाले हो वा ढोका पूरा नउघ्रिएकाले हो भित्र अँध्यारो ।

'छ, भित्र आऊ,' जुङ्गे साहुजीका आँखा मधुरोमा टलक्क टल्कियो ।

'यस्तो धप्प छ । ग्लुब बाल्दा पनि त हुन्थ्यो !' मुर्मुरिँदै म भित्र गएँ ।

'कतिवटा लाने ?' जुङ्गे साहुजीले सोध्यो ।

'दस रुपैयाँको,' मैले हातमा भएको नोट तेर्साउँदै भनें । उसले नोट समायो । नोटसँगै मेरो हात समायो । हातसँगै मेरो चिचिला छाती समायो । मेरो सास बन्द होलाजस्तो भयो । मैले शरीर अरठ्ठो पारें । र जतिसक्दो बल झिकेर फुत्किने कोसिस गरें । आवाज भने घाँटीमै अड्कियो ।

'साहुजी,' दोकानको ढोकामा कोही उभिएको थियो । जुङ्गे साहुजीले मलाई फुत्तै छोडिदिए । दसवटा मर्चा पोको पारिदिए ।

कागजको थुङ्गामा । म बेपत्ता दौडिएँ । दिनभरि नमीठोसँग छाती दुख्यो । त्योभन्दा नमीठोसँग मेरो मन दुख्यो ।

त्यस दिनदेखि छाती नदुख्ने उपाय खोजें । त्यसका लागि हातैले समिज सिलाएँ । फित्ता भएको । दुई अम्बुल चेप्टो । टाइट ।

समिजले मेरो उभारिएको छातीलाई थिच्यो । खाँबोजस्तै देखियो । चेप्टो । लामो श्वास तानें । अब कसैले मेरो छातीमाथि तिखो दृष्टि खसाल्ने छैनन् । म ढुक्क भएँ । सर्ट लगाएँ । फ्रक घुसारें । टेबलको किताब काखीमा च्यापें । बार्दलीमा टाँगिएको झ्याङ ओर्लिएँ । हरियो पायल चप्पलमा खुट्टा घुसारें ।

'श्यामकाली ! ढिला भइसक्यो,' लोकेन्द्र करायो ।

'मास्साले ! अझै पर्खिरा रैछ,' च्याँठ्ने पालो मेरो थियो । म खुइँखुइँ हिँडें । मेनरोड निस्कने मोड । वरको ठूलो रूख । रूखमुनि सानो भाइ खतिवडा, दिनेश मिश्र, रम्भा गुरुङ, निराजन थापा भेटिए । रातोमाटेबाट प्राथमिक तह सक्ने हामी छ जना थियौं । त्यसपछि बजारको राष्ट्रिय माविमा भर्ना भएका थियौं । घरदेखि त्यस स्कुलसम्मको दूरी हिँडेर एक घण्टा । गाडीमा पन्ध्र मिनेट ।चुरेको साँधमा थियो बगर । बगर छोएर ओच्छिएको सानो भूगोल । त्यो भूगोलमा मकैको ढोंड टक्टक्याउँदा झर्ने माटो रातो ।

वर्षातको पहिलो स्ट्रोकमा आकाशतिर उड्ने धूलोको कण रातो । चैतको घाममा फुट्ने माटाका डल्ला रातो । घर छेउको कुलेसोमा बग्ने भल रातो । त्यसैले त्यो ठाउँको नाम रातोमाटे थियो ।

उत्तरमा बजार । दक्षिणमा वीरगञ्ज हुँदै दौडन्थ्यो । मेनरोड । त्यहाँबाट दस मिनेट कोल्टे हिँडेपछि भेटिन्थ्यो रातोमाटे । मेनरोडमा कि सीधैँ काठमाडौं जाने एक्सप्रेस भेटिन्थ्यो कि बगरतिरको ढुङ्गा ओसार्ने ट्रक । हामी ट्रकमा लिफ्ट माग्थ्यौं । ट्रक नभेट्दा लेफ्ट-राइट गर्थ्यौं । त्यस दिन हामी सडकछेउ उभियौं । निकै बेरसम्म पनि ट्रक गुडेन । बरु हामी गुड्यौं । एघार नम्बरमा । वैशाखको घाम । उखरमाउलो हुँदै गयो । कालोपत्रे सडक तातियो । हप्प भएर आयो । मौसम रापिलो बनाउन सडकछेउको सालघारीले थप सघाइरहेको थियो ।

'तैंले अंग्रेजीको होमवर्क गरिस् ?' दिनेशले सोध्यो, लोकेन्द्रलाई ।

'छैन,' लोकेन्द्रले धोद्रो स्वरले जवाफ फर्कायो । ऊ छुच्चो थियो । होमवर्क लुकाउँथ्यो । 'श्याममायालाई भए दिन्थ्यो । हाम्लाई के दिन्थ्यो,' रम्भाले ईर्ष्या पोखी । बोलेर । मैले रिस पोखें । आँखा तरेर । हामी रमण दाइको बगैंचामा पुग्यौं । आँपको गाछीमुनि उभियौं । निराजनले कताबाट लौरा भेट्यो कुन्नि ? गाछीमा झटारो हान्यो । आँप चिचिलै थियो । पाँच सातवटा झर्‍यो । बुरुरु ।

'मुर्दाहरूलाई चिचिला देख्नै नहुने । हुर्कनै नदिने । हातमा कीरा परोस्,' मैले सरापें । केटाहरू हाँसे । गललल ।

छिस्स्ऽऽऽ ।

त्यति नै खेर एउटा हरियो रङको ट्रक हाम्रो नजिकै आएर रोकियो । ट्रकको झ्यालबाट ड्राइभरले टाउको निकाल्यो । हरिया पात छेड्लाजस्ता तिखा कपालको रेसा । निख्खर कालो अनुहार । चिम्सा आँखाहरू । पाकेको खयरजस्तो ओठ । कुस्तीमा दाबेको जस्तो एकदम थेप्चो नाक । फुलेको कन्सिरी ।

'जाने हो ?' उसले छोटोमा सोध्यो । उसको आँखा रातो देखियो । भलायोले पोलेको जस्तो । अलिलि सुन्निएको जस्तो । मलाई अनुहार देखेरै डर लाग्यो । सधैं त हामी नै रोक्थ्यौं ट्रक । कुनै रोकिन्थ्यो । कुनैले स्पिड बढाउँथ्यो । त्यसरी आफैं ट्रक रोकेर बोलाएको पहिलोपटक थियो । यो हाम्रो लागि अनौठो थियो ।

'जाने हो नि अंकल ।'

सानो भाइ उत्तेजित भइहाल्यो । ट्रकको देब्रेपटिको ढोका उघ्रियो । खलासी केटो फुत्त ओर्लियो । खिरिलो ज्यानको । अण्डाकार अनुहार । बाक्लो आँखीभौ । बडेमाको आँखा । नीलो ओठ । लामो घाँटी । काँधसम्म लत्रिएको कपाल । उसको शरीरमा कलेजी रङको स्यान्डो र मैलो जिन्स थियो । हामी ट्रकमा चढ्यौं । अगाडिको सिट लोकेन्द्र र निराजनले ओगटे । ड्राइभरको ठीक पछाडिको सिट मैले ओगटें । रम्भा र सानोभाइ मेरो बगलमा । ट्रक बिस्तारै गुड्यो ।

'स्कुलबाट फर्किंदा खोलामा पौडिनुपर्छ,' अगाडि सिटमा बसेर निराजन लोकेन्द्रलाई उचाल्दै थियो । सानो भाइ चाख लिएर सुनिरहेको थियो । रम्भा चुप थिई । म सिसामा झुन्डिएको छिरबिरे झलर हेरिरहेकी थिएँ ।

झलरमाथि ऐना टाँगिएको थियो । ऐनामा ड्राइभरको आँखा टाँगिएको थियो । मुटु भरङ्ग गर्‍यो । कस्तो खाउँलाजस्तै गरी हेरेको ! मैले साथीहरूलाई हेरें । सबै आफ्नै तालमा थिए । आँखा पुनः ऐनामा पुग्यो । यसपटक ड्राइभर निश्चिन्तसँग ट्रक हाँकिरहेको देखियो । मन अलिक शान्त भयो । केही बेरमा मेरा आँखा पुनः ऐनामा गाडिए । ड्राइभरको आँखा मेरो चिचिला छातीमा गाडिएका थिए । जुङ्गे साहुजीको जस्तै नियत बोकेको आँखा । छिः मलाई लोग्नेमान्छेसँग घीन लागेर आयो । मेरो सास बढ्यो । दिग्मिग् लाग्यो । आन्द्रा बटारिएर आयो ।

बान्ता आउलाजस्तो । उफ् ! जसरी बाहिरी तापक्रमले थर्मोमिटरको पारो बढेको थियो ठीक त्यसरी नै बढेको थियो, मेरो शरीरको तापक्रम ।

'श्याममाया ओर्ली,' लोकेन्द्रको आवाजले म झसंग भएँ । ट्रक स्कुलको मोडमै रोकिएको थियो । म ट्रकबाट हाम्फालें ।

'धन्यवाद अंकल,' यति भनेर सानो भाइले औपचारिकता पुर्‍यायो । लोकेन्द्रले टाउको झुकायो । कृतज्ञ भएर । निराजन हाँस्यो ।

मुसुक्क । रम्भाले हात हल्लाई । बाई भनेर । मलाई भने थुक्न मन थियो । ड्राइभरको अनुहारमा ।

'हे भगवान् अब यो ट्रकमा कहिल्यै चढ्न नपरोस्,' मैले कामना गरें । मनमनै । भोलिपल्ट हामीले कुनै ट्रक फेला पारेनौं । पर्सिपल्ट पनि हामी हिँड्दै थियौं ।

छिस्स्ऽऽऽ ।

अस्तिकै ट्रक रोकिएको थियो । हाम्रो छेउमा । ट्रकमा ढुङ्गा लोड थियो । अस्तिजस्तै ड्राइभरले झ्यालबाट टाउको निकाल्यो । सानो भाइ उत्साहित भइहाल्यो । ट्रकबाट खलासी केटो उत्रियो । निराजन, सानोभाइ र लोकेन्द्र ट्रकमा चढे । हतारहतार । मैले रम्भाको हात समाएँ । च्याप्पै ।

'तिमी र म हिँडेरै जाऔं,' मैले रम्भाको कानमा भनें । ऊ अलमलमा परी ।

'ह्याँ छिटो चढ् न । भोटिनी,' लोकेन्द्रले झ्यालबाट टाउको निकालेर भन्यो ।'तिमीहरू जाऊ । हामी जाँदैनौं,' मैले चर्कोसँग भनें ।

'किन ?' सानो भाइले लोकेन्द्र माथि खप्टिएर सोध्यो ।

'त्यसै,' मैले अड्डी कसें ।

'ल त्यसो भए हामी नि नजाने,' लोकेन्द्रले धोद्रो स्वरमा अन्तिम निर्णय सुनायो । ऊसँगै निराजन र सानो भाइ पनि उत्रिए । मुर्मुरिँदै । खलासी केटोले मलाई हेर्‍यो । अनौठोसँग । त्यसपछि ट्रकमा चढ्यो । ड्राइभरको अनुहार कस्तो देखियो ? मैले देखिनँ । उसले एक्सिलेटर दाब्यो । ट्रक एकपटक पछाडि हट्यो । अर्कोपटक रफ्तारमा कुद्यो ।

'हैन भएको चैं के हो ?' लोकेन्द्रले सोध्यो ।

'मलाई त्यो ड्राइभरको आँखा देखेर डर लाग्छ,' मैले एकै सासमा भनें । रम्भाको आँखा अझ ठूला भएर गए । लोकेन्द्र, निराजन र सानो भाइले टाउको कनाए । त्यसपछिका दिनहरूमा पनि त्यो ट्रक भेटिन्थ्यो । हामी छेउ आइपुग्दा बिस्तारै गुड्थ्यो । एक नजर फ्याँक्थ्यो । अनि जान्थ्यो ।

मंसिरको महिना । हुस्सु थपक्क ओछिएको थियो । पिच सडकमा ।

'रम्भा खोइ ? ढिला भइसक्यो,' मैले सोधें । लोकेन्द्र, निराजन भर्खरै साइकल लिएर आइपुगेका थिए ।

'सानो भाइ पनि आएको रैनछ,' निराजनले वरिपरि हेर्दै भन्यो ।

'मेरो साइकल सजिलो छ । चलाएर हेर त,' लोकेन्द्र मलाई चिढ्याउने मुडमा थियो । 'यसको ब्रेक बनाउनुपर्नेछ । नत्र यो झन् सजिलो छ । तेरोजस्तो बूढो साइकल होइन यो,' मैले जवाफ फर्काइहालें । मलाई थाहा थियो, लोकेन्द्र आफ्नो बाउको साइकल ल्याउँछ । निराजनको भने नयाँ साइकल थियो । मसँग लेडिज साइकल थियो । बाले किनिदिएका । सेकेन्ड ह्यान्ड । हरियो रङको । अगाडि सानो क्यारिज । जालीवाला ।

भर्खरभर्खरै साइकल चलाउन थालेका थियौं । साइकलमाथिको नियन्त्रण अलि गाह्रो थियो । सधैं अरूको भर पर्नुपर्थ्यो, स्कुल जाँदा । घिसारेर भए पनि साइकलमा स्कुल जानुपर्छ । यो निधो गर्न हामीलाई सात महिना लागेको थियो ।

रम्भा र सानो भाइ आइपुगे । उनीहरूसँग भने साइकल थिएन । लोकेन्द्रको पछाडि रम्भा बसी । निराजनको पछाडि सानो भाइ । मैले डबल लोड बोक्ने गरेकी थिइनँ । जति मसिना मेरा पाखुरा थिए, त्योभन्दा मसिनो मेरो आत्मविश्वास थियो ।

त्यस बिहान घामले आकाश छिचोलेन । रातभरिको शीतले सडक चिप्लो थियो । हामीले साइकल गुडायौं । अगाडि निराजनको साइकल । त्यसपछि लोकेन्द्रको । अनि मेरो ।

'ल रेस गरौं,' निराजन अलि सन्की थियो । उसले लोकेन्द्रलाई भन्यो ।

'नगर्ने । तेरो पो नयाँ साइकल,' लोकेन्द्र छुच्चो बोलिहाल्यो ।

'लुते ! डराइस्,' निराजन प्रतिरोधमा उत्रियो ।

'काजी साला ! ल हुन्छ । डबल लोड है त । रेडी,' लोकेन्द्रले पनि सन्कियो । टुप्पी हल्लिने गरी । रम्भाले लोकेन्द्रको सुइटर समाई । बलियोसँग ।

'वान, टु, थ्री, गो ।' सानोभाइको ठूलो स्वर सुनियो । दुवैले पाइडल एकसाथ दबाए । पाङ्ग्राले चक्कर काट्यो । जोडजोडले ।

अगाडि हुस्सु छप्प थियो । उनीहरू एकै छिनमा विलीन भए । मैले देखिनँ । मैले जसरी हुन्छ उनीहरूलाई भेट्टाउनुपर्छ । मस्तिष्कबाट यो कुरा शरीरभरि तीव्र रूपमा सञ्चार भयो । त्योभन्दा तीव्र गति साइकलले लियो । त्यसले गर्दा साइकलमाथिको मेरो नियन्त्रण गुम्यो । म असन्तुलित भएँ । एकै छिनलाई लाग्यो म बतासमा कावा खाइरहेछु ।

धडम्म !

बाक्लो आँखीभौ । बडे आँखा । नीलो ओठ । लामो घाँटी । अण्डाकार अनुहार । आँखा खोल्दा मैले देखें– त्यो खलासी केटोको टाउको । उठ्ने प्रयत्न गरें । सकिनँ । हात, छाती र घुँडामा दुखाइको मात्रा बढी थियो ।

'नानी हात भाँच्चिएको जस्तो छ । नचलाऊ,' यो आवाज मैले पहिले कतै सुनेंजस्तो लाग्यो । मुन्टो फर्काएँ । उफ् ! त्यही ट्रक ड्राइभर थियो । ओह ! म ट्रकको सिटमा लम्पसार छु । म त स्कुल जाँदै थिएँ । ओहो ! याद आयो । साइकलको रेस । फिलिलि । आत्तिएर छोडेको ह्यान्डिल । साइड ड्रेनमा छिरेको साइकल । अनि आँखामा छाएको अन्धकार ।

'हामी मेडिकल पुग्नै लाग्यौं । आज यतैको टिप थियो । तिमी बेहोस् भेटियौ । सडकको ड्रेनमा । तिम्रो साथीहरू आँपको गाछी हुँदो भेटिए । तिनीहरू आउँदै छन्,' खलासी केटोले बिस्तार लायो । कोल्टे परेर उठ्न खोजें । दुखाइ झन् बढ्यो । ड्राइभरको आँखासँगको मेरो घीन यथावत् थियो ।

'एउटी छोरी थिई । मेरो । कमजोर थिई । पढाइमा । शरीरमा । बिरामी भइरहन्थी । चार वर्षअगाडि कलैयामा ठूलो हाट लागेको थियो । सोचें, आमा छोरीलाई घुमाउँछु । निकै भएको थियो सँगै नघुमेको । खलासी भाइलाई छुट्टी दिएँ । ट्रक आफैंले कुदाएँ ।

त्यस यात्राले छोरी निकै ताजा देखिएकी थिई । तर नियतिलाई अर्कै कुरा स्वीकार थियो । कलैया नपुग्दै ट्रक पल्टियो । लास झिक्नेले भनेको, आमाले कोखिलामा छोरी च्यापेकी थिई । मलाई कसैले अस्पताल पुर्‍याएछ । म किन मरिनँ ? अहिले पनि छोरीको याद गाँठो पर्छ छातीमा । बाँचेकी भए अहिले तिमी जत्रै हुन्थी । तिमीजस्तै देखिन्थी । चिम्सा आँखा । नाकमा नत्थी । बाक्लो कपाल । काली काली थिई त्यो ।'

ड्राइभर एकहोरो बोलिरह्यो । भारी आवाजले । त्यतिखेर उसको आँखा मेरो आँखाजस्तै भएको हुनुपर्छ । ओसिलो । सबै लोग्नेमान्छे जुङ्गे साहुजीजस्ता हुँदैन रहेछन् । त्यस दिन मैले आँखाका चेपबाट आफ्नो भ्रम बग्न दिएँ । सललल ।

कविता

# शकुनि र लुसिफरहरू

**डा. मुरारि पराजुली**

हैरान थियो माटो
पुराणले जन्माएका शकुनिहरूसँग
हठात्, फेरि थपिएछन् अहिले बग्रेल्ती
एआई युगका लुसिफरहरू
फरक यी दुईमा–
शकुनिहरू मान्छेलाई अक्करमा पार्छन्
र सर्वसत्ताको पाशा फ्याँकिरहन्छन्
तर, यी इम्पोर्टेड ब्रान्डेड लुसिफरहरू
पुरातात्त्विक स्मारकहरूमा आगो झोस्छन्
र विनाश वाक्ने थुतुनामा
आक्रोशको गाँजा सल्काउँछन् ।
हामी कहिले रैती
कहिले प्रजा र कहिले जनता हुन्छौं
तर, सधैँ संकट
यिनका जुलुसले हाम्रा आरनहरू बल्दैनन्
टिपेका तरकारी सहर पुग्दैनन्
सुपामा सुपारी र पुष्टकारी थापेर
सन्तान पाल्ने रणमैदानमा
यिनका शुण्ड, मुशण्डका बुट बज्रन्छन्
दुःखले स्कुल पुर्‍याएका नानीहरूका
बिच बाटामै
किताब, टिफिन र कक्षाहरू खोसिन्छन्
फेरि यो वर्ष पनि
विश्व बैंक र एसियाली बैंकका खातामा
वैदेशिक ऋणको ग्राफ बढ्छ
तर, सधैँ पहिरो जाने सडकमा
तीनचार दिन मान्छेको जाम भइरहन्छ ।
यहाँ जहिले
हड्ताल छ, जुलुस छ, नारा छ
हिमाल हेर्न विदेशी आउँदैन
रारा र मुक्तिनाथ पुग्ने बाटो अवरुद्ध छ
ब्रेनड्रेन हुन र मांसल बेच्न
जहाज कुरिरहेछ एअरपोर्टमा सन्तान
जहाजबाटै फर्किरहेछ
काठका बाकसमा सन्तान
घिरौंला र कोदो पनि
पठाइएकै छ बाहिरबाट
उत्पादन केही गर्नुपर्दैन हामीलाई
बस्,
शकुनि र लुसिफरहरू हरेक चुनावमा
संसारकै विकसित बनाउँछन् यस देशलाई
संसारकै धनी मान्छे बनाउँछन् हामीहरूलाई ।

# कविता

## शंकराचार्यले जलाएको म बौद्धग्रन्थ हुँ

**उपेन्द्र श्रेष्ठ**

म इतिहास नदी भएको छु
म धर्मचक्र, युद्धले गाडिएको छु
हो, यो कुरा अतीतको
अजातशत्रु र विम्बसागरको
युद्धको कथा
शंकराचार्यले जलाएको बौद्धग्रन्थको कथा
म पाण्डुलिपि
मानिसहरूको रगतै-रगतले बिटुलिएको
त्यो खड्ग र तरवारले काटिएको
ती बालक, वृद्ध र युवक, युवतीहरू म नै हुँ;
त्यो गंगाको चीत्कार
र मानिसहरूको क्रन्दन म नै हुँ ।
मस्तिष्कबिनाको म घाँटी
कुनै शिलापत्रमा उल्लिखित नभएको
म हुँ यो नीलो रगतको कथा
आफ्नो रगत चोपेर यो पञ्जाले
यो निरक्षर च्यामेका छाप्राहरूमा
आरक्षण नपाएका घरहरूमा
म गोधूली भएर
म आफू काटिएको कथा लेख्नेछु
शीर्षकबिना
........... म चेतना
............ म प्रकाश ।
यी शताब्दी पुराना हत्याका कुराहरू
यी गिद्ध र चिलहरूले ठुँगेका कुराहरू
म भन्छु मेरा साथी ! यी रगतका पानाहरूमा म मरेका कथाहरू
यी ब्यूँझाउन नसकेका बिहानहरूमा
यी पुरातत्व र म्यूजियमहरूका भित्ताहरूमा
म खण्डित भएर पनि 'इतिहासमा' जीवितै छु
यी मन्दिर र देवलहरूको मूल्यमाथि लावारिस छु
म बौद्धग्रन्थ
मूर्तिपूजा र स्तुतिले ग्रस्त छु
म आदिबुद्ध
काटिदिएका छन् मेरा पखेटाहरू
हत्या गरिदिएका छन् मेरा आत्माहरू
खण्डित गरिदिएका छन् मेरा चेतना र अहमहरू
म कुंजो भएको छु
म सामन्ती-संस्कारले ग्रस्त छु ।
म बौद्धधर्म र दर्शन
बोधिवृक्षबाट म अपहरण भैसकेको छु
कैयन् शासकहरूको खड्ग र तरवारले काटिएर पनि
म घाइते भएर पनि बाँचेकै छु
"संघम् शरणम् गच्छामि"
"बुद्धम् शरणम गच्छामि"
शंकराचार्यको लाशले थिचेको बौद्धग्रन्थ म नै हुँ
कैयन् हिंसा र युद्धको आगोमा म डढेको आत्मा हुँ
म शून्यदर्शन
मध्यैशिया खोतनलिपिको तालपत्रमा खिइएर पनि म बाँचेकै छु
त्यो शिवालयहरूले थिचेको चारढुङ्गे म नै हुँ
मैले पोल्ने आगोको तातो राप सहेको छु
तर, म शिवको चिहानै-चिहानहरूको समाधिमा बोधिवृक्ष
भएर अमूर्त छु ।
म अवलोकितेश्वरको आत्मव्यथा
आगोको राप
म दसभूमीश्वरको पीडा र यातनाको हस्ताक्षर
यो चैत्यविहारमा
यो भित्तिचित्र र मूर्तिहरूमा
अहिले पनि पसीनाको सीपमा म मूर्त छु ।
यो हिंसा, हत्या र क्रान्तिमा मरेर पनि म मानस भएको छु
वा धार्मिक सम्प्रदायको दङ्गामा पिसिएर पनि
म हिमाल भएको छु
म खण्डित चेतना र प्रकाश
म पहाड, नदीको धार भएको छु
म वैशाली गणतन्त्र
विम्बसार र अँगुलीमाला
मभित्र रक्तरंजित सूर्य उदाएको छ
मभित्र रक्तरंजित सूर्य अस्ताएको छ ।
म यौनकुण्ठित 'आम्रपाली'
म जीर्ण शरीर, अकाल, अभाव र यौनपीडा लिएर
म 'नगरवधू'
मभित्रको मेरो भत्काइमा, कैयन अजातशत्रुको भत्काइएको
इतिहास छ
मभित्रको पीडाले
मभित्रको व्यथाले
मैले अचानो जस्तै खुकुरीको प्रत्येक चोट सहेको छु
कैयन साम्राज्यको उत्थान र पतनको सूर्य मैले देखेको छु ।
म दर्शन ।
म बज्रघरको शिलापत्र
म खण्डित ताम्रपत्र
नामहीन
संज्ञाहीन
शंकराचार्यले जलाएको म बौद्धग्रन्थ हुँ ।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

चिन्तन

# विगत हेर्ने पृथक दृष्टिकोण- सबाल्टर्न बहस

**अरूण गुप्तो**

वर्तमान दक्षिण एशियाका देशहरु र उनीहरुबिचको सम्बन्ध बुझ्न अपरिहार्य पाटो हो, यस क्षेत्रको उत्तर औपनिवेशिक इतिहास । र, दक्षिण एशियाको उत्तर औपनिवेशिक इतिहासको चर्चा गर्दा नछुट्ने पाटो हो - सबाल्टर्न इतिहास । सन् १९८२ को दशकमा रणजित गुहाको नेतृत्व र सम्पादकत्वमा सुरु भएको 'सबाल्टर्न स्टडीज'लाई यस प्रकारको इतिहास लेखनको कोसेढुंगाको रुपमा लिन सकिन्छ । तर, सबाल्टर्न स्टडीजको इतिहास नै सबाल्टर्न शब्दको इतिहास वा यसको प्रयोगबाट शुरु हुन्छ । मूलतः मार्क्सेली डिस्कोर्स (संकथन)बाट शुरु भएको भए पनि यो शब्दको प्रयोग मार्क्स वा एंगेल्सका लेखनमा पाइँदैन । उनीहरुले प्रयोग गरेको शब्द प्रोलेटरियट (Proletariat) हो जसको नेपाली अनुवाद सर्वहारा गरिएको छ । कम्युनिष्ट घोषणापत्रमा एंगेल्सले पादटिप्पणीमा सर्वहाराको परिभाषा दिएका छन्- 'आधुनिक ज्यालादारी श्रमिक जसको कुनै पनि उत्पादनका साधनमा स्वामित्व हुँदैन र जीविकाका लागि श्रम शक्ति बेच्न बाध्य हुन्छन्' (द कम्युनिष्ट मेनिफेस्टो, पेन्युइन बुक्सबाट प्रकाशित संस्करण, २००२, पृ. २१९) । मेसिनको अत्याधुनिक प्रयोगले गर्दा, सर्वहारा वर्गको व्यक्तिगत चरित्र हराएको हुन्छ र ऊ मेसिनको अधीनमा हुन्छ । कम्युनिष्ट घोषणापत्रमा मार्क्सले यो अवस्था नै सबाल्टर्नको अवस्था भएको व्याख्या गरेका छन् । तर, ऊ शक्तिशाली हुन्छ, क्रान्तिकारी वर्गमा परिणत हुन्छ- मार्क्स लेख्छन् ।

सबाल्टर्न शब्दलाई पहिलोपटक राजनीतिक-सामाजिक संकथनमा प्रयोग गर्ने व्यक्ति हुन् अन्टोनियो ग्राम्सी । मुसोलिनीको फासिस्ट सरकारको समयमा थुनिएको ग्राम्सीले जेलमा लेखेको 'प्रिजन्स नोटबुक'मा सबाल्टर्न शब्दको प्रयोग गरेका हुन् । सबाल्टर्नलाई उनले अधिनस्थ (सबअर्डिनेट) र माध्यम (इन्स्ट्रुमेन्टल)को रुपमा प्रयोग गरेका छन् । उनले सबाल्टर्नमा राजनीतिक चेतना नहुने र सत्ताधारी वर्ग र नेतृत्वको दबाबमा संवेदनशील हुने उल्लेख गरेका छन् (Gramsci, A. (1978) Selections from Prison Notebooks, trans. Quintin Hoare and Geoffrey Nowell Smith, London: Lawrence and Wishart. Page xiv)। रणजित गुहाले 'सबाल्र्टन स्टडीज' को पहिलो अंकको भूमिकामा लेख्छन्- सबाल्टर्न शब्दलाई अधिनताको सामान्य विशेषताको रुपमा लिइन्छ जुन वर्ग, जाति, उमेर र लिंगको रुपमा व्यक्त गरिएको देखिन्छ ( Guha, R. (1982). On Some Aspects of the Historiography of Colonial India. Subaltern Studies, 1(1), 1–8. ) ।

उत्तर औपनिवेशिक चिन्तन परम्पराको अर्को हस्ती हुन्, गायत्री चक्रवर्ती स्पिभाक । सबाल्टर्न स्टडीजमा पनि काम गरेकी उनले रणजित गुहाले भन्दा फरक तरिकाले सबाल्टर्नलाई परिभाषित गरेकी छन् । गुहाका लागि सबाल्टर्न एक स्थीर धारणा हो तर गायत्रीले यसलाई परिवर्तनशील अवस्थाका रुपमा व्याख्या गर्छिन् । उनको परिभाषामा समाजमा भएको गतिशिलताले जब कसैलाई स्वीकृति दिँदैन भने त्यो सबाल्टर्नको अवस्था हो । सामाजिक गतिशिलता भनेको स्थापित सामाजिक परिपाटी वा बृहत राष्ट्रिय विचारधारा हो जसलाई मूलतः उच्च र मध्यम वर्गले कब्जा गरेको हुन्छ । भाषाविज्ञानको सिद्धान्त अंगीकार गर्दै उनी स्पीच-एक्टको (वचन-कर्म)को उदाहरण दिन्छिन् । त्यो भनेको संवाद हो । एकले बोल्ने र अर्कोले सुन्ने । अर्कोले बोल्ने र पहिलोले सुन्ने । यो बोलीकार्यमा व्यवधान भएर कोही बोलिरहने र अर्कोको आवाज नसुनिने भयो भने सबाल्टर्नको अवस्था सिर्जना हुन्छ । जब कुनै समुदाय आवाज सुनिन थाल्छ, त्यो सबाल्टर्न रहँदैन ।

समाजलाई बुझ्ने र व्याख्या गर्ने तरिकामा भएका फरकले सबाल्टर्नको परिभाषालाई पनि फरक बनाएको हो । यद्यपि गुहाहरुले शुरु गरेको सबाल्टर्न स्टडीज भने पटकपटक छलफल गरिरहनुपर्ने विषय हो ।

**के थियो सबाल्टर्न स्टडीज ?**

सबाल्टर्न स्टडीजको पहिलो अंकमा प्रकाशित रणजीत गुहाको निबन्ध 'अन सम एस्पेक्ट्स अफ द हिस्टोरियोग्राफी अफ कोलोनियलइन्डिया'लाई सबाल्टर्न अध्ययनको घोषणापत्र पनि भन्ने गरिन्छ । उक्त निबन्धमा उनले त्यतिवेलासम्म भारतको इतिहास लेखनमा स्थापित प्रवृत्तिको आलोचना गरेका छन् । उनको विश्लेषण छ- भारतको इतिहासशास्त्र (हिस्टोरियोग्राफी)मा लामो समयदेखि दुई थरी कूलीन (एलिट) वर्गको प्रभुत्व छ, उपनिवेशवादी वा नवउपनिवेशवादी कूलीन र राष्ट्रवादी वा नवराष्ट्रवादी कूलीन । भारतको राष्ट्रवादी कूलीनलाई उनले भारतको राष्ट्रिय बुर्जुवा कूलीन भनेका छन् जुन आफैमा बेलायती शासनकै परिणाम हो । सत्ता हस्तान्तरण हुँदा भारतीय कूलीन वर्गले बेलायती कूलीन वर्गको स्थान लिएको उनको ठम्याई छ । यी दुवैथरी कूलीन इतिहासशास्त्रले भारतीय जनाले स्वतन्त्रताको संघर्षमा गरेको योगदानलाई लिन नसकेको उनको आलोचना छ । यसलाई भारतीय इतिहासशास्त्रको दरिद्रताका रुपमा उनले लिएका छन् । किसान-मजदूरहरुको भारतीय राष्ट्रियतामा भएको योगदानलाई स्वीकार्न नसकेकोमा उनले प्रश्न गरेका छन् । भारतीय इतिहासशास्त्रले उनीहरुको योगदानलाई वैकल्पिक धारका रुपमा मात्रै लिएको चर्चा गर्छन् । उनी भन्छन्, यो सबाल्टर्न वर्गलाई राजनीतिक वर्गले अंगीकार गरेको छैन । उनीहरुलाई जाली र नक्कली ठानिएको थियो । त्यसैले इतिहासमा उनीहरुको भूमिकालाई अस्वीकार गरिएको थियो । उनले सबाल्र्टन वर्गलाई कूलीन वर्गको बाइनरी अपोजिसन (ठ्याक्कै विपरीत)को रुपमा लिएका थिए । कूलीन शब्दलाई उनले अन्डर इरेजर (पारदर्शी कटाई)को रुपमा व्याख्या गरेका छन् । कुनै शब्दलाइ अन्डर इरेजर राख्नु भनेको अस्वीकार नगरी संवाद वा छलफलमा राख्नु हो । कूलीन शब्दबारे थप अध्ययन गर्नुपर्ने भएकाले यसो गरिएको थियो । 'यो शब्द अनुपयुक्त छ, असंगत छ, त्यसैले अन्डर इरेजर राखेको छु', गुहाले लेखेका छन् ( Guha, R. (1982). On Some Aspects of the Historiography of Colonial India. Subaltern Studies, 1(1), 1–8. , pp. 3,6&7) ।

सबाल्टर्न वर्गको इतिहास लेख्ने भने पनि त्यसका आफ्नै समस्या थिए । उपनिवेशको विरोधमा भएका सबाल्टर्न संघर्षहरु हरेक विषयलाई आर्थिक कोणबाट मात्र हेर्ने दृष्टिकोण, इकोनोमिज्म (अर्थवाद)मा फसेको गुहाको विश्लेषण छ । त्यस्तै क्रान्तिकारी नेतृत्व नपाएकाले उनीहरु विभाजित पनि थिए । गुहाले नेतृत्व गरेको सबाल्टर्न अध्ययनले यो ऐतिहासिक असफलताको पनि अध्ययन गरेको थियो । तर, त्यो भन्दा पनि ठूलो समस्या थियो, इतिहासको स्रोत । भारतको किसान विद्रोहको वाङ्मय के हुनसक्छन् भन्नेबारे उनले सबाल्टर्न स्टडीजको दोस्रो अंकमा निबन्ध लेखेका छन्- 'द प्रोज अफ् काउन्टर इमरजेन्सी ।' यस निबन्धमा गुहाले औपनिवेशिक भारतमा भएका किसान विद्रोहसँग सम्बन्धित ऐतिहासिक सामग्रीहरु तीन प्रकारका डिस्कोर्सबाट सिर्जित भएको विश्लेषण गरेका छन् । ती सामग्रीको उद्‍भव र प्रकाशनको समयको आधारमाम उनले प्राथमिक, द्वितीय र तृतीय भनेर छुट्याएका पनि छन् । गुहाका अनुसार कर्मचारी, सैनिक, जासुस लगायत राज्यका अंगहरुले लेखेका आधिकारि लेखहरु प्राथमिक सामग्री हुन् । त्यस्तै मिसनरी, व्यापारी, प्राविधिक, ऋणदाता साहुकारहरुले लेखेका सामग्री पनि यही कोटीमा पर्छन् । प्रशासनिक प्रयोगका लागि लेखिएको इतिहास वा संकथन हो यो जसले उनीहरुको तत्कालीन नीति बनाउन सहयोग गर्‍यो ( Guha, R. (1983). The Prose of Counter-Insurgency. Subaltern Studies, 2(2), p. 3 )।

दोस्रो डिस्कोर्सले प्राथमिक सामग्रीहरु प्रयोग गरेको छ भने त्यसलाई रुपान्तरण पनि गरेको छ । प्राथमिक सामग्रीहरु अविकसित भ्रुण जस्ता छन् भने दोस्रो अलि परिष्कृत, परिपाटी मिलेका छन् । त्यसैले यसका केही निश्चित लेखकहरु पनि छन् । गुहा भन्छन्-'यो दोस्रो डिस्कोर्स इतिहासशास्त्र र उपनिवेशवादको इन्टरसेक्सनमा छ ।' यस्तो खालका इतिहासका लेखकहरु उपनिवेशवादी प्रशासकहरु नै भएको पाइन्छ । प्राथमिक वर्गका सामग्रीहरु विद्रोहका क्रममा विभिन्न कारणले तयार भएका सामग्रीहरु थिए जस्तै चिठीपत्र । द्वितीय वर्गका सामग्री भने विद्रोहपछि त्यसलाई नजिकबाट देखे भोगेका औपनिवेशिक शासन संयन्त्रका मानिसहरुले विभिन्न रुपमा लेखेका सामग्री थिए । त्यसैले यी केही स्वतन्त्र देखिन्थे तर औपनिवेशिक कानूनभन्दा पर थिएनन् । तेस्रो डिस्कोर्स भने एकदमै परिष्कृत लेखकहरुको लेखन हुन् तर ती कुनै न कुनै रुपले विद्रोहबाट टाढा थिए । त्यसैले उनीहरु एक खालको रित्तोपनको बन्दी (प्रिजनर अफ इम्प्टी एब्स्ट्राक्सन) भएका थिए । तर, यी सबै सबाल्टर्न स्टडीजभन्दा अघिका कामहरु थिए र औपनिवेशिक चिन्तनबाट निर्देशित थिए ।

सबाल्टर्न इतिहासलाई औपनिवेशिक डिस्कोर्सहरु भन्दा अलग तरिकाले पुनकर्थन गर्ने उद्देश्यले गुहाले सबाल्टर्न स्टडीज शुरु गरेका हुन् । यो काम कसरी शुरु भयो भन्नबारे मैले दिपेश चक्रवर्तीसँग कुरा गरेको थिएँ । दिपेशले भने अनुसार गुहाले पार्थ च्याटर्जी, शाहिद अमिन र उनलाई बोलाएर भारतीय इतिहासशास्त्रमा समस्या भएकाले नयाँ ढंगले काम गर्नुपर्ने आवश्यकता औल्याएका थिए । । "हामी निकै उत्साही भएका थियौँ तर अरु प्राध्यापकहरुले गुहा आफु पनि बौलाहा छ, तिमीहरुलाई पनि बौलाहा बनाउँछ भन्थे । तर बौलाहा नभई त हुँदैनथ्यो," दिपेशले सुनाएका थिए ।

**चाहिन्छ भ्यानगर्ड**

२० डिसेम्बर २०११ मा काठमाडौंमा आएसरले आयोजना गरेको कार्यक्रममा स्पीभाकले सबाल्टर्न वर्ग हजारौं वर्षदेखि मान्यताको पर्खाइमा रहेको व्याख्या गरेकी थिइन् । उनको विचारमा सबाल्टर्नलाई केवल म्यानुअल लेबर (शारीरिक श्रम गर्ने श्रमिक)का रुपमा मात्रै लिइएको छ, उनीहरुको पनि सोच्ने मस्तिष्क छ भन्ने ठानिएको छैन । यो ज्ञानरुपी अपराध (कग्निटिभ अपराध) भएको उनको ठम्याई थियो ।

"त्यसोभए मेरो काम के हो त ?," स्पीभाकले भनेकी थिइन्, "म भ्यानगार्ड (सबाल्टर्न)को पूरकको काम गर्छु । मानिसहरु भन्छन्, सबाल्टर्नमा मेरो रुची छ तर म भ्यानगार्डिज्म (अग्रगामिता)मा मेरो रुची छ ।"

उनका विचारमा भ्यानगार्डको काम पूरक कर्म हो । यो काम समाजको भद्रलोकको काम हो । स्पीभाकको विचारमा हरेक समुदाय वा वर्गमा भ्यानगार्ड हुन्छ । यो प्राज्ञिक कर्ममा लागेको समुदाय पनि हो, एक्टिभिस्ट पनि हो । पूरकमाथि नै सबै जिम्मेवारी आइपर्छ । "यिनीहरु कुकुरजस्तो काम गरिरहेका हुन्छन्, म सबाल्टर्नको बोलीको प्रतिनिधित्व गर्दिनँ । म पूरकको काम मात्रै गर्छु," स्पीभाक भन्छिन् । स्पीभाकको विचारमा पूरकको काम स्पीभाक एपिस्टोमोलिजकल सप्लिमेन्टेशन (ज्ञानशास्त्रीय पूरक) हो । कुनै पनि विषयलाई अध्ययन गर्नुपर्ने विषयको रूपमा स्वीकार्नु नै ज्ञानशास्त्रीय पूरक हो । रसायनशास्त्र वा साहित्य वा पत्रकारिताले कसरी संसारलाई हेर्छ भन्नु नै ज्ञानशास्त्रीय पूरक हो । अर्थात् हरेक विधालाई समाजको अध्ययन गर्ने विषयको रुपमा स्थापित गर्नु नै ज्ञानशास्त्रीय पूरक हो ।

संयुक्त राष्ट्र संघले गर्ने काम पूरकको हो । नेपालमा नारायण वाग्ले, सञ्जीव उप्रेतीलगायत नागरिक समाजले गरिरहेको काम पूरककै हो । पूरक आफैं परिवर्तनको संवाह होइन । उसले नीतिगत वा आमूल परिवर्तन गर्न सक्दैन । स्पीभाक भन्छिन्-'पूरकले समस्या समाधान गर्न सक्दैन, तर सधैं समस्या समाधान गर्ने काममा हुन्छ । समाजलाई शिक्षित बनाइरहेको हुन्छ । उत्प्रेरित गरिरहेको हुन्छ ।' जस्तै, एउटा पत्रकारले समस्या समाधान गर्न सक्दैन तर समाधानका लागि झकझक्याइरहेको हुन्छ । समस्या समाधान गर्नु र समस्या समाधानका लागि काम गर्नु फरक हो ।

त्यसो त कुनै पनि समस्याको पूर्ण समाधान परिकल्पनामात्रै हो । पूरकको काम गर्ने भ्यानगार्डहरुले कहिलेकाहीँ हतारो गर्दा क्रान्तिको कुरा गर्छन् र त्यो असफल हुन्छ । पूरक भनेको मुक्तिदाता होइन । मुक्तिदाता बन्न खोज्दा क्रान्ति असफल हुन्छ । नेपालमा माओवादी आन्दोलनको समस्या त्यही थियो । समस्याको पूर्ण समाधान त दन्त्यकथा वा फिल्ममा मात्रै हुन्छ । मार्क्सवादीहरु वा गान्धी वा बुद्धको असफलता यहीँनेर छ । फ्रेडरिक निचको विचारमा त समस्याको पूर्ण परिकल्पना हास्यास्पद हो । समस्याको समाधानको कल्पना गर्नु भनेको कहिल्यै पनि पुरा नहुने आशावादी कल्पना हो । क्रान्ति गर्नु महान विचार र कर्तव्य हो तर क्रान्तिले समाधान नै गर्छ भन्ने कल्पना मात्रै हो । क्रान्तिको इतिहास छ तर क्रान्तिले संसारमा दुःखलाई अन्त्य गर्न सकेको छैन ।

स्पीभाकले दिएको पूरकको अर्को काम हो, एफरमेटिभ स्याबोटाज । स्याबोटे भन्ने फ्रेञ्च शब्दबाट आएको शब्द हो यो । एफरमेटिभ स्याबोटाज भनेको युरोपेली आधुनिकताको पुनः प्रयोग वा विनिर्माण वा तोडफोड हो । होमी भाभा पनि एफरमेटिभ स्याबोटाजकै चर्चा गर्छन् । जस्तै, अंग्रेजी भाषाको ठिमाहाकरण गर्ने । सलमान रुस्दीले गरेको अंग्रेजीको प्रयोग त्यसैको उदाहरण हो ।

**सीमा र सम्भावना**

गुहाहरुले सुरु गरेको सबाल्टर्न स्टडीजका आफ्नै सीमा पनि थिए । दक्षिण एशियाकै इतिहासको पुनर्व्याख्या गर्ने भने पनि उनीहरु नेपाल, बाग्लादेश, पाकिस्तानबारे कम अध्ययन गरेका छन् । तथापी यसलाई विधिको रुपमा ग्रहण गरेर उत्तरऔपनिवेशिक अध्ययनसँग जोड्न सकिन्छ । उत्तरऔपनिवेशिकताले परम्परागत इतिहासशास्त्रलाई प्रश्न गर्छ भने राज्यको कोणबाट नहेरेर सीमाका मानिसको अध्ययन गर्नु सबाल्टर्न स्टडीज हो ।

नेपालको इतिहासशास्त्रमा पनिप सबाल्टर्नहरु छुटेका छन् । हाम्रो इतिहासमा बेलायतविरुद्ध लडेका नायकहरुमात्र अटाएका छन् त्यहाँ सहभागी भएका अरु मानिसको कथा छैन । किसानले भोगेको क्षति, पारिवारिक विघटन आदिको कुरा छैन । उनीहरुको कथा सबाल्टर्न स्टडीको रुपमा प्रयोग गर्न सक्छौं । पछिल्ला आन्दोलनहरुमा पनि नेताहरुको मात्रै कथा भनिएको छ । त्यसमा संलग्न साधारण मानिस वा कार्यकर्ताको इतिहास भनिएको छैन । साहित्य र कलाका अन्य विधामा उनीहरुको कथा आए पनि इतिहासको रुपमा लिइएको छैन । इतिहासशास्त्रमा साहित्यलाई पनि ऐतिहासिक सामग्रीको रुपमा लिनुपर्छ । जस्तै, मुनामदन पनि इतिहासकै अंग हो । तर, इतिहासशास्त्रमा साहित्यलाई नलिने समस्या यथावत छ । त्यस्तै लिंगको सम्बन्ध, विहेबारीमा महिलाको सिमान्तीकरण, गर्भावस्था आदिको चर्चा नगर्नु पनि इतिहासशास्त्रको समस्या हो । ती सिमान्तकृतको इतिहास लेखनलाई विधीको रुपमा लिन सकिन्छ ।

# उद्यानमाथि युवाका दृष्टि



**कृष्ण गाउँले**

आजको समयलाई यदि एक वाक्यमा बुझ्नुपर्‍यो भने, यो समय विकास र विनाशबिचको निर्णायक सङ्घर्षको समय हो । प्रविधि, पुँजी र शहर विस्तारले मानव जीवनलाई सहज बनाएको छ । तर, त्यसको मूल्य प्रकृतिले चुकाइरहेको छ । हामीले निर्माण गरेका सडक, भवन र उद्योगहरूले जीवनलाई भौतिक रूपमा सहज त बनाएका छन् । साथमा जीवनको वास्तविक आधारहरू हावा, पानी, माटो, रूख र जैविक विविधता ध्वस्त भइरहेको छ । यही मूल्यको अन्तिम भार बोक्नुपर्ने पुस्ता भनेको आजको युवा पुस्ता हो । त्यसैले युवाको नजरमा पर्यावरण संरक्षण वैकल्पिक बहस होइन, जीवन मरणको प्रश्न हो । उद्यान त्यस प्रश्नको समग्र पर्यावरणीय अवयवको प्रतिनिधिको केन्द्रीय उत्तर हो ।

युवाहरूले आजको विकास अवधारणालाई आलोचनात्मक दृष्टिले हेर्छन् । उनीहरू बुझ्छन्, रूख काटेर सडक फराकिलो बनाइन्छ, तर मानिस सास फेर्न सक्दैन । जहाँ अग्ला भवन ठडिन्छन्, तर छायाँ हराउँछ । जहाँ आर्थिक वृद्धिदर बढ्छ, तर जीवनको गुणस्तर घट्छ । त्यो विकास होइन, सजिएको विनाश हो । यहीं चेतनाबाट युवाको उद्यान कल्पना जन्मिन्छ । युवाका लागि उद्यान सौन्दर्यको सजावट होइन, दिगो सभ्यताको आधारशीला हो ।

उद्यान प्रकृतिसँग पुनः जोडिने स्थल हो । आधुनिक जीवनशैलीले मानिसलाई माटो, पानी र रूखबाट टाढा पुर्‍याएको छ । मोबाइल स्क्रिनभित्र सीमित जीवन, कृत्रिम प्रकाश र यान्त्रिक समयचक्रले मानव संवेदनशीलता कमजोर बनाइरहेको छ । यस्तो अवस्थामा उद्यान घुम्ने ठाउँमा सीमित छैन, आत्मिक पुनर्जागरणको स्थल हो । जहाँ मानिसले प्रकृतिलाई महसुस गर्छ, आफूलाई भेट्छ र समाजसँग सम्बन्ध बुझ्छ ।

युवाले उद्यानलाई सामाजिक सांस्कृतिक केन्द्रको रूपमा पनि हेर्छन् । यहाँ खेलकुद, नाँचगान, कला, सङ्गीत र सामूहिक गतिविधिहरूले उनीहरूलाई प्रकृतिसँग जोड्दछ । विद्यालय र विश्वविद्यालयले पुस्तालाई विज्ञान र प्रविधिको ज्ञान त दिन्छ । तर, जीवन र संवेदनशीलता सिकाउँदैन । उद्यान भनेको जीवनशैली, सामाजिक सम्बन्ध र नैतिक जिम्मेवारी सँगसँगै सिकाउने जीवित विद्यालय हो ।

उद्यानले साँस्कृतिक पहिचानको विकास पनि गर्छ । शहरभित्रका खुला हरियाली स्थलहरूले साहित्य, कला र संगीतलाई जीवन्त बनाउँछन् । कवि, चित्रकार र युवा कलाकारहरूले उद्यानलाई आफ्नो कला र अभिव्यक्तिको मञ्च बनाउँछन् । जसले मनोरञ्जन मात्र होइन, सामाजिक चेतना फैलाउने माध्यम पनि काम गर्छ ।

पर्यावरणीय सङ्कटको जडमा शक्ति र असमानता छ भन्ने कुरा युवाले स्पष्ट रूपमा देखिरहेका छन् । प्रकृति नष्ट गर्ने निर्णय सधैं शक्तिशालीले गर्छन् । तर, त्यसको असर कमजोरमाथि पर्छ । उदाहरणका लागि प्रकृतिलाई बढी दुःख दिने काम शक्ति-राष्ट्र भनिने देशको तुलनामा नेपालले कम गरेको छ । बाढी, पहिरो, खडेरी र प्रदूषणले सबैभन्दा पहिले गरिब, मजदुर, किसान र सीमान्तकृत समुदायलाई प्रभावित गर्छ । यसले युवामा पर्यावरणीय न्यायको चेतना जगाउँछ । हरियाली सबैको साझा सम्पत्ति हो । यसमाथि कुनै पक्षको एकाधिकार स्वीकार्य छैन भन्ने दृढ विश्वास उनीहरूमा विकसित हुँदैछ ।

युवाले उद्यानलाई मौन प्रतिरोधको रूपमा बुझ्छन् । जब नीति निर्माताले प्रकृतिलाई विकासको बाधा ठान्छन् । तब एउटा सुरक्षित गरिएको उद्यान आफैंमा राजनीतिक वक्तव्य बन्छ । "यहाँ विकास होइन,जीवन प्राथमिकतामा छ" भन्ने सन्देश उद्यानले शब्दबिनै दिन्छ । यही कारणले आज युवाहरू रूख कटानविरुद्ध उभिन्छन्, सार्वजनिक खुला स्थान जोगाउन आन्दोलन गर्छन् । शहरभित्र हरियालीको अधिकारको माग गर्छन् । यदि गरेका छैनन् भने गर्नुपर्छ ।

शिक्षा र चेतनाको हिसाबले उद्यान युवाका लागि जीवित विश्वविद्यालय हो । यहाँ वातावरण संरक्षण किताबको अध्याय होइन, अनुभवको ज्ञान बन्छ । एउटा रूख हुर्कन कति समय लाग्छ ? एउटा सानो गल्तिले जैविक सन्तुलन कसरी बिग्रिन्छ ? यी कुरा उद्यानमै बुझिन्छ । युवाहरू बुझ्दै छन् कि प्रकृतिसँग भावनात्मक सम्बन्ध बिना संरक्षण सम्भव छैन । त्यसैले उद्यान उनीहरूका लागि चेतना निर्माणको आधार क्षेत्र हो । उद्यानले विज्ञान र प्राविधिक ज्ञानलाई जीवनसँग जोड्ने भूमिका पनि खेल्छ । जलस्रोत, माटो संरचना,जैविक विविधता, हरियाली व्यवस्थापन यी कुरालाई अनुभवमार्फत् बुझ्न सकिन्छ । युवाले आफूले महसुस गरेको ज्ञानलाई नीतिगत र सामाजिक अभियानमा प्रयोग गर्छन् ।

डिजिटल युगको युवापुस्ता कल्पनाको उद्यान आधुनिक हुन्छ । तर, प्रकृतिसँग मेल खाने गरी । सौर्य ऊर्जाबाट चल्ने बत्ती, वर्षा पानी सङ्कलन प्रणाली, फोहोर छुट्याउने संरचना, प्लास्टिकमुक्त नीति यी सबै युवाले चाहेको उद्यानका अनिवार्य अङ्ग हुन् । यस्तो उद्यान भविष्यको जीवनशैलीको नमूना हो । केवल घुमफिर गर्ने ठाउँ होइन ।

प्रविधिको सही प्रयोगले उद्यानलाई स्मार्ट बनाउँछ । डिजिटल गेजेट र एप्सले फोहोर व्यवस्थापन, पानी बचत, वृक्षरोपण अभियान र जैविक निगरानीलाई सजिलो बनाउँछन् । प्रविधि प्राकृतिक संसाधनको विनाशको माध्यम नभएर, संरक्षणको सहयोगी हुनुपर्छ ।

सांस्कृतिक दृष्टिले पनि युवाले उद्यानलाई आन्दोलनको केन्द्र बनाइरहेका छन् । कविता, गीत, नाटक, चित्रकला र सार्वजनिक संवादमार्फत् पर्यावरणीय चेतना फैलाइँदैछ । संरक्षण अभियन्ताको भाषा मात्र होइन, साँस्कृतिक पहिचान बन्दै गएको छ । हरियाली जोगाउनु फेसन होइन, जिम्मेवारी हो भन्ने बुझाइ युवामा विकसित हुँदैछ ।

शहरभित्रको हरियालीले युवालाई सामाजिक चेतना, सहकार्य र सामूहिक जिम्मेवारी सिकाउँछ । सार्वजनिक उद्यानमा, वृक्षरोपण, फोहोर व्यवस्थापन र स्थानीय पहलले उनीहरूलाई वास्तविक अभ्यासमा संलग्न गराउँछ ।

राजनीतिक रूपमा युवाको प्रश्न छ-"विकास कसका लागि ?" यदि विकासले भविष्यका पुस्ताको अधिकार खोस्छ भने त्यो विकास अस्वीकार्य छ । उद्यान संरक्षण युवाका लागि नीति परीक्षणको मापदण्ड हो । जहाँ हरियाली जोगाइँदैन, त्यहाँ सुशासनको दाबी खोक्रो हुन्छ भन्ने विश्वास युवामा बढ्दो छ । सामाजिक आन्दोलनका उदाहरणले स्पष्ट देखाउँछन् कि युवा विरोधी मात्र होइन, सकारात्मक नीतिगत पहलकर्ता हुन सक्छन् । उनीहरूले स्थानीय सरकारसँग सहकार्य, निजी क्षेत्रलाई समावेश गर्ने रणनीति र समुदायमा सचेतना फैलाउने अभियानमा सक्रिय भूमिका खेलिरहेका छन् ।

उद्यान भविष्यसँग गरिएको सम्झौता हो । आज रोपिएको एउटा रूख भोलिको पुस्तालाई दिइएको उपहार हो । आज जोगाइएको एउटा उद्यान भविष्यप्रतिको नैतिक जिम्मेवारी हो । यदि आजको समाजले यो जिम्मेवारी पूरा गर्न सकेन भने इतिहासले युवालाई होइन, सम्पूर्ण सभ्यतालाई दोषी ठहर गर्नेछ । युवाले बुझिरहेका छन्, सरकारी नीति र नियमले मात्र संरक्षण सम्भव छैन । व्यक्तिगत जिम्मेवारी, समुदायको सहभागिता र दीर्घकालीन सोँच आवश्यक छ । यसैले उनीहरूले स्वयंसेवा, सामूहिक पहल र सामाजिक अभियानमार्फत् उद्यानको संरक्षण सुनिश्चित गर्ने प्रयास गरिरहेका छन् । विश्वव्यापी रूपमा युवाले उद्यान र हरियालीलाई अन्तर्राष्ट्रिय संघर्षको प्रतीक मानिरहेका छन् । पेरिसदेखि काठमाडौंसम्मका शहरहरूमा जलवायु सम्मेलन, हावापानी प्रदूषण विरोध र सार्वजनिक हरियाली अभियानमा युवा सहभागी छन् । बुझ्छन्, स्थानीय उद्यानको संरक्षण मात्र होइन, वैश्विक वातावरणीय संकटसँग जुध्नु उनीहरूको कर्तव्य हो । यसैले, युवाका लागि समग्र पर्यावरण संरक्षण सहायक एजेन्डा होइन मूल राजनीति विषय हो । र, उद्यान त्यस राजनीतिमा हरियो अक्षरले लेखिएको भविष्यको घोषणा-पत्र हो ।

**कोटहीमाइमा...**

सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित, व्यवसाय कर, विद्युतसम्बन्धी कर, प्रशासनिक दण्ड जरिवाना तथा जफत, सम्पत्ति कर, घर बहालगायत विभिन्न २२ शीर्षकबाट राजस्व सङ्कलन गरिएको हो । आर्थिक प्रशासन शाखाबाट ५ हजार ६९ व्यक्ति तथा संस्थालाई सेवा प्रदान गरिएको छ ।

आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत ४८ करोड ५९ लाख २५ हजार रुपैयाँ बजेटमध्ये ४१ करोड २५ लाख ३५ हजार ९ सय २१ रुपैयाँ प्राप्त भएकोमा चालुतर्फ २७ करोड ५८ लाख ७४ हजार ८ सय ३२ रुपैयाँ र पुँजीगततर्फ ९ करोड ५५ लाख ९९ हजार ३ सय ७७ रुपैयाँ खर्च भएको छ । वडागत रूपमा प्रत्येक वडामा १ करोड १५ लाखका दरले विनियोजन गरिएको बजेटमध्ये वडा नं. १ ले ९६.०३, वडा नं. २ ले ८४.२४, वडा नं. ३ ले ९५.०९, वडा नं. ४ ले ९६.७३, वडा नं. ५ ले ८७.४०, वडा नं. ६ ले ९४.४३ र वडा नं. ७ ले ९५.१६ प्रतिशत बजेट खर्च गरेका छन् ।

यसैगरी आर्थिक विकास तर्फ विनियोजित २ करोड ५३ लाख ९ हजारबाट ६९.३७ प्रतिशत, सामाजिक विकासतर्फ विनियोजित २१ करोड ७० लाख १९ हजारबाट ७८.६४ प्रतिशत, पूर्वाधार विकास तर्फ विनियोजित ९ करोड ९४ लाख ८५ हजारबाट ६३.२० प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ विनियोजित २ करोड २ लाख ६२ हजार ९ सय ९९ रुपैयाँबाट ६९.३९ प्रतिशत तथा कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ विनियोजित ११ करोड ४८ लाख ४९ हजारबाट ९२.५७ प्रतिशत बजेट खर्च भएको छ ।

**माईग्रेशन सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न विवरण भएको +२ को माईग्रेशन सर्टिफिकेट यही मिति २०८२।०७।१७ गते बुटवलदेखि भैरहवा जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** निखिला रायमाझी
**ठेगाना :** बुटवल-१३, बेलबास, रूपन्देही
**रजिष्ट्रेशन नं. :** ८१५४९०९६००८४
**सिम्बोल नं. :** १३९६५४५
**सम्पर्क :** ९८४०४७८१०३

**शिवराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति : २०८२/०९/२५

यस कार्यालयबाट मिति २०८२/०८/२६ गते www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार ठेक्का नं. 20/SM/Goods / 082/083 (Supply and Delivery of Office Stationery and Miscellaneous Items) को वोलपत्र आव्हान गरिएको अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरुमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई छनौट भएको उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम ठेगाना | कबोल रकम भ्याट सहित रु |
|---|---|---|---|---|
| १. | 20/SM/ Goods/082/083 | Supply and Delivery of Office Stationery and Miscellaneous Items | Paragon International Trade Suppliers, Butwal 13 Rupandehi | 836697.20 |

प्रमुख प्रशासकीय अधिकृत

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# 'राष्ट्रपति रनिङ शिल्डले लुकेका प्रतिभा उजागर गरेको छ'

*युवा उद्यमी बोनिन पिया अहिले बुटवल उप-महानगर खेलकुद विकास समितिका संयोजक छन् । पिया ब्याडमिन्टनका राम्रो खेलाडी समेत हुन् । काम गर्ने हुटहुटी भएका र जिम्मेवारी प्राप्त काम कुशलतापूर्वक पूरा गर्ने छवि बनाएका व्यक्ति हुन्, उनी । पिया नेतृत्वको बुटवल उप-महानगरपालिका खेलकुद विकास समितिले नियमित राष्ट्रपति रनिङ शिल्ड आयोजना गर्दैछ । नगरस्तरीय यो प्रतियोगिताको व्यवस्थापन चुस्त बनाउन पियाकै नेतृत्वलाई श्रेय जान्छ । यही पुष २७ गतेदेखि यहाँ हुन लागेको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र बुटवलको खेल पूर्वाधारका बारेमा पियासँग लुम्बिनीकर्मीले गरेको कुराकानीः*


बोनिन पिया
संयोजक
बुटवल उप-महानगर खेलकुद विकास समिति

**» राष्ट्रपति रनिङ शिल्ड आयोजना गर्नुको उद्देश्य के हो ?**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता विद्यालय तहका विद्यार्थीहरूमा खेलकुदको विकास, प्रतिभा पहिचान र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले सुरु गरिएको राष्ट्रियस्तरको प्रतियोगिता हो । यो प्रतियोगिता राष्ट्रपति संस्थाको संरक्षकत्व र शिक्षा तथा खेलकुद क्षेत्रको सहकार्यमा विद्यालय तहका खेलाडीको क्षमता विकास र प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले निरन्तर सञ्चालन हुँदै आएको छ ।

**» बुटवल उप-महानगरपालिकाले कसरी आयोजना गर्दैछ ?**

बुटवल उप-महानगरपालिकाले यो प्रतियोगितालाई यस क्षेत्रकै उत्कृष्ट र भव्य खेलकुद प्रतियोगिताका रूपमा सञ्चालन गर्दै आएको छ । पूर्व तयारी, सक्रियता र उत्साहको प्रतिफल बुटवल उप-महानगरपालिकाले जिल्लामै उत्कृष्ट स्थान हासिल गर्दै आएको छ । अहिले हामीले सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता–२०८२ आयोजना गर्न लागिरहेका छौं । यस वर्षको प्रतियोगिता एन्फा टेक्निकल सेन्टर, बुटवल-११ देवीनगरमा यही पुष २६ गतेदेखि २८ गतेसम्म सञ्चालन हुँदैछ ।

प्रतियोगितामा बुटवल उप-महानगरपालिकाभित्रका ४२ विद्यालयबाट छात्र ९ सय ८१, छात्रा ६ सय ७ गरी १ हजार ५ सय ८८ विद्यार्थीले भाग लिएका छन् । एथलेटिक्सतर्फ(दौड, ज्याभ्लिङ थ्रो, सटपुट, लङ्ग जम्प, त्रिपल जम्प) कराँतेतर्फ ६ र तेक्वादोतर्फ ६ वटा तथा भलिबल र कबड्डी खेल विधाहरूमा ३ सय ५० जना खेलाडीहरू पुरस्कृत हुने छन् । बुटवलमा आयोजना हुने यो खेलकुद मेलामा बुटवलका विद्यार्थीहरूको उत्कृष्ट प्रतिभा हेर्न सकिन्छ । यसलाई हामीले बुटवलकै उत्कृष्ट खेलकुद प्रतियोगिताको रूपमा आयोजना गर्दै आएका छौं ।

**» प्रतियोगितामा उत्कृष्टलाई के–कस्तो पुरस्कारको व्यवस्था छ ?**

बुटवल उप-महानगरपालिकाले प्रतियोगितामा एथलेटिक्स, कराँते र तेक्वान्दोतर्फ प्रथम, द्वितीय र तृतीय हुने छात्रछात्रा खेलाडीलाई जनही क्रमशः २ हजार, १ हजार ५ सय र १ हजार रुपैयाँका दरले नगद पुरस्कार, प्रमाणपत्र र मेडल प्रदान गरिनेछ ।

भलिबलतर्फ प्रथम हुनेलाई १५ हजार रुपैयाँ, द्वितीय हुनेलाई ७ हजार ५ सय र तृतीय हुनेलाई ५ हजार रुपैयाँ र कबड्डीतर्फ प्रथम हुनेलाई १५ हजार रुपैयाँ, द्वितीय हुनेलाई ७ हजार ५ सय रुपैयाँ र तृतीय हुनेलाई ३ हजार ५ सय रुपैयाँका दरले दुई वटा टिमलाई नगर पुरस्कार, शिल्ड र मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । साथै मार्चपास र्‍याली प्रदर्शनमा प्रथम पुरस्कार २५ हजार रुपैयाँ, द्वितीय पुरस्कार १५ हजार रुपैयाँ र तृतीय पुरस्कार १० हजार रुपैयाँ प्रदान गरिनेछ । समूह नाच र पि.टी. ड्रील प्रदर्शनको लागि नगद तथा प्रमाणपत्रको व्यवस्था गरिएको छ । खेलाडीको सुरक्षार्थ खेल अवधिभरको लागि सामुहिक बीमाको व्यवस्था गरिएको छ ।

**» यो प्रतियोगिताको उपलब्धि केलाई मान्नुपर्छ ?**

यो प्रतियोगिताले विद्यालयस्तरमै लुकेका खेल प्रतिभा उजागर गर्न, अनुशासन, टिम भावना र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नयाँ प्रतिभाको खोजी गर्न सकिने यो प्रतियोगिताले थुप्रै खेलाडी जन्माउँदै आएको छ । खेलकुदमार्फत् विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासमा योगदान पुर्‍याउने लक्ष्य र उद्देश्यसहित विद्यालय तहबाट प्रतिस्पर्धामा सहभागी हुने विद्यार्थीलाई स्थानीय तह, प्रदेश र राष्ट्रियस्तरमा उत्कृष्ट हुनका लागि मद्दत पुर्‍याउने कुरामा विश्वस्त छौं ।

**» खेलकुदमा बुटवल उप–महानगरपालिकाको लगानी के–कस्तो छ ?**

बुटवललाई खेलकुदको हव बनाउन उप-महानगरपालिकाले खेलकुदको क्षेत्रमा योजनाबद्ध ढंगले लगानी गरिरहेको छ । बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेको खेलको विकास गर्न प्रष्ट भिजन छ । यो वर्ष ४ करोड रुपैयाँ बजेट विनियोजन भएको छ । प्रत्येक वर्ष खेलकुदमा पर्याप्त लगानी हुँदै आएको छ । यो लगानी पूर्वाधार र विभिन्न प्रतियोगिता आयोजना गर्न खर्च भइरहेको छ । विद्यालयमा शिक्षासँगै खेलकुद गतिविधि अघि बढाउन खेलकुद शिक्षकको नियुक्तिलाई जोड दिइएको छ । विद्यालय तहमा कराँते, कपर्दी, तेक्वाक्दोलगायतका प्रतियोगिता निरन्तर भइरहेका छन् ।

**» बुटवलमा खेल पूर्वाधारको अहिलेको अवस्थालाई कसरी हेर्नुहुन्छ ?**

बुटवलमा खेल पूर्वाधारको विकास गर्न सके यो क्षेत्रको विकासमा ठूलो टेवा पुग्छ भन्ने विश्वास लिएका छौं । बुटवललाई खेलकुदको हब बनाउन पूर्वाधार विकास अनिवार्य छ । सेमलारमा क्रिकेट मैदान बनाउन डीपीआरको लागि नक्शाङ्कन हुने गरी काम भएको छ । जबई खेल मैदानलाई व्यवस्थित गर्ने काम अघि बढेको छ । त्यसका लागि उप-महानगरपालिकाले १ करोड २० लाख विनियोजन गरेको छ । भलिबलको लागि इनडोर कर्भडहलको लागि जग्गा खोजी गरिरहेका छौं । यी काम पूरा गर्न सक्दा बुटवलमा खेल पूर्वाधारको जग तयार हुन्छ ।

## निजी क्षेत्रको कर्जा प्रवाहमा सुधार

बुटवल । चालु आर्थिक वर्ष मंसिरमा निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जामा सुधार आएको छ । बैंक तथा वित्तीय संस्थाले मंसिरमा मात्रै थप ३७ अर्बभन्दा धेरै कर्जा लगानी बढाएका हुन् । चालु आव मंसिरसम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १.९ प्रतिशतले बढेको छ । कात्तिकमा निजी क्षेत्रतर्फका कर्जा १.२ प्रतिशत बढेको थियो ।

गत मंसिरमा निजी क्षेत्रमा कर्जा १ खर्ब २ अर्ब २४ करोड थप भई कुल ५५ खर्ब ९९ अर्ब ९५ करोड पुगेको छ । गत आव मंसिरमा यस्तो कर्जा १ खर्ब ७८ अर्ब २९ करोड अर्थात् ३.५ प्रतिशत बढेको थियो ।

वार्षिक बिन्दुगत आधारमा मंसिर २०८२ मा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.६ प्रतिशत बढेको छ । मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैरवित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जा अंश ६२.७ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जा ३७.३ प्रतिशत छ । गत आव सोही अवधिमा यस्तो अंश क्रमशः ६४.१ र ३५.९ प्रतिशत थियो ।

चालु आव मंसिरसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको २ प्रतिशत, विकास बैंक ०.८ र वित्त कम्पनीको १.२ प्रतिशत बढेको छ । मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति सुरक्षणमा १४.९ प्रतिशत रहेको केन्द्रीय बैंकले जनाएको छ ।

त्यसैगरी घरजग्गा धितो सुरक्षणमा ६४.४ प्रतिशत छ । २०८१ मंसिरमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमशः १३.५ र ६६.१ प्रतिशत थियो । चालु आव पाँच महिनामा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये निर्माण क्षेत्रतर्फ ५.२ प्रतिशत, उपभोग्य क्षेत्र ५.१, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्र ३.५, औद्योगिक उत्पादन क्षेत्र २.५ र सेवा उद्योग क्षेत्रतर्फ ०.४ प्रतिशत बढेको छ । कृषि क्षेत्रतर्फको कर्जा र वित्त बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा २.२ प्रतिशत घटेको छ ।

बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जामध्ये हायर पर्चेज कर्जा ६.१ प्रतिशत, मार्जिन प्रकृति ५.७, रियल इस्टेट (व्यक्तिगत आवासीय घर कर्जासमेत) ३.७, क्यास क्रेडिट २.६, आवधिक १.२, माग तथा अन्य चालु पूँजी कर्जा १, र ट्रस्ट रिसिट (आयात) कर्जा ०.९ प्रतिशत बढेको छ भने अधिविकर्ष कर्जा ५.४ प्रतिशतले घटेको छ ।

## दुई दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न



परासी । सरोकारवालाहरूलाई लैङ्गिक हिंसा(जीबीभी) लैङ्गिक हिंसा नीति र प्रभावित केन्द्रीय पद्धति सम्बन्धि दुई दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

विश्व बैंकद्वारा सञ्चालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकीकृत सेवा पहुँच परियोजना तथा रामग्राम नगरपालिकाको आयोजनामा सरोकारवालाहरूलाई लैङ्गिक हिंसा(जीबीभी) लैङ्गिक हिंसा नीति र प्रभावित केन्द्रीय पद्धतिसम्बन्धी दुई दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो ।

सञ्चालित दुई दिने तालिमा नगरकार्यपालिका सदस्य न्यायिक समिति सदस्य मेलमिलाप सदस्य, सशस्त्र प्रहरी, नेपाल प्रहरीका महिला प्रहरी, नगर प्रहरी, पृथ्वी चन्द्र अस्पताल ओसिएमसी, पत्रकारलगायतको सरोकारवालाहरूलाई लैङ्गिक हिंसा(जीबीभी) लैङ्गिक हिंसा नीति र प्रभावित केन्द्रीय पद्धति सम्बन्धि दुई दिने क्षमता अभिवृद्धि तालिम दिइएको जीबीभी विज्ञ अनुप खड्काले जानकारी दिए ।

दुई दिने तालिममा रामग्राम नगरपालिकाकी महिला तथा बालबालिका शाखा प्रमुख तारा अर्यालले नेपालमा जीबीभीको जीवन चक्रे दृष्टिकोण, अधिवक्ता श्रद्धा सुमन अर्चायाले कानुन, लैङ्गिक हिंसासम्बन्धी जीबीभी केश व्यवस्थापन चरणहरू केसवर्कको भूमिका र जिम्मेवार तथा व्यवस्थापन सिमुलेकन अभ्याससम्बन्धी प्रशिक्षण दिइएका थिए । त्यस्तै रामग्राम नगरपालिकाका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले आत्महत्या र तनावसम्बन्धी प्रशिक्षण दिएका थिए । तालिममा ४५ जनाको सहभागिता रहेको थियो ।

## उद्यान महासंघको प्रथम अधिवेशन वनबाटिकामा




बुटवल । नेपाल उद्यान महासंघको प्रथम साधारणसभा तथा अधिवेशन तिलोत्तमको शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) मा सुरु भएको छ । साधारणसभा तथा अधिवेशनमा बोल्ने वक्ताहरुले कानुनको अभावमा उद्यानहरुलाई स्वायत्त र स्वतन्त्र तरिकाले सञ्चालनमा थुप्रै समस्या उत्पन्न भैरहेकोले स्पष्ट नीतिगत र कानुनी प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रायः उद्यानहरु सामुदायिक वन, सार्वजनिक तथा सरकारी जग्गामा रहेकाले उद्यानलाई प्रवर्धनका गर्न कानुन निर्माण गर्न सरकारलाई उद्यान सञ्चालकहरुले आग्रह गरे । कार्यक्रममा महासंघका सल्लाहकार बागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणि पौडेलले उद्यानहरु पर्यटनसँग अभिन्नरुपले जोडिएकाले यसको विकासमा राज्य प्रतिबद्ध हुनुपर्नेमा जोड दिए ।

महासंघका अध्यक्ष खेमप्रसाद लुँइटेलले उद्यानहरु शहरी पूर्वाधारको महत्वपूर्ण हिस्सा भएको बताउँदै सार्वजनिक उद्यान, राष्ट्रिय उद्यान र निजी उद्यानले आफ्नो आकार ग्रहण गर्दै जाँदा राज्यले कानुन नबनाउँदा समस्या भोग्नुपरेको गुनासो गरे ।

महासंघका महासचिव बेलप्रसाद शर्माले उद्यानलाई पर्यटनसँग जोड्दै रोजगारीका अवसर सिर्जना गर्नु अहिलेको प्रमुख आवश्यकता रहेको उल्लेख गरे ।

कार्यक्रममा मणिमुकुन्द सेन उद्यानका अध्यक्ष माधव नेपाल, सचिव युवराज घिमिरे, शंकरनगर वन वाटिकाका अध्यक्ष खिमलाल पाण्डे, तिलोत्तमा नगरपालिका उपप्रमुख जगेश्वरी चौधरीलगायतले उद्यानका समस्या र महासंघले गर्नुपर्ने पैरवीको बारेमा चर्चा गरेका थिए । शनिबारसम्म चल्ने प्रथम साधारणसभा तथा अधिवेशनले महासंघमा नयाँ नेतृत्व चयन गर्नेछ । अधिवेशनको औपचारिक उद्घाटन शनिबार बिहान ९ बजे हुने महासचिव बेलप्रसाद शर्माले जानकारी दिए ।

## पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिताःरूपन्देही-११ विजयी

भैरहवा । रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' अन्तर्गत एकदिवसीय सिरिजको दोस्रो खेलमा पनि रुपन्देही-११ विजयी भएको छ । रुपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई ४९ रनले पराजित गर्दै तीन खेलको सिरिज एक खेल अगावै आफ्नो पक्षमा पारेको हो । सिरिजको बुधबार भएको पहिलो खेलमा रुपन्देही ८७ रनले विजयी भएको थियो । त्यसअघि भएको दुई दिवसीय टेष्ट पनि रुपन्देहीले जितिसकेको छ ।

शुक्रबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको रुपन्देहीले मौसमका कारण २८ ओभरमा छोट्याइएको खेलमा २६ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ५२ रन बनायो । उसका लागि सन्दीप रजालीले ३१, विशाल भुसालले २८, निश्चल ज्ञवालीले १७, मिर्नाल गुरुङ र अमर मिश्राले समान १३, कृष्ण कार्कीले १२ र विप्रसन केसीले १० रन बनाए । बलिङमा आर्मीका पवन कार्कीले ४, अनिश धामीले ३ तथा घनश्याम पाण्डे, पारससिंह धामी र प्रेम गुरुङले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको आर्मी २५ ओभर १ बलमा अलआउट हुँदै १ सय ३ रन मात्रै बनायो । आर्मीलाई सस्तैमा रोक्न बलिङमा रुपन्देहीका कृष्ण कार्कीले ४, विशाल भुसालले ३, विप्रसन केसीले २ तथा सागर गैरेले १ विकेट हात पारे । आर्मीका निर्मल शाहीले ५१, लक्ष्मण परियारले १६ र प्रदीप पेलाले १५ रन बनाए पनि अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न नसक्दा टीम पराजित भयो । उसका ५ खेलाडी खातै नखोली शून्य रनमै आउट भए । रुपन्देहीका कृष्ण कार्की प्लेयर अफ द म्याच भई दुई हजार रुपैयाँ प्राप्त गर्दै पुरस्कृत भए ।

नेपालमै पहिलोपटक तीनवटा फर्म्याटमा दुई टीमबिच प्रतिस्र्धा भइरहेको हो । दुई दिवसीय टेष्ट सकिएसँगै एकदिवसीय सिरिज चलिरहेको छ । प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवनकुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन् । प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन् । यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ । एकदिवसीय सिरिज सकिएपछि टी-२० सिरिज हुने प्रतियोगिता संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ३२औं वार्षिकोत्सवमा होराइजन जीबीएसमा विविध कार्यक्रम



बुटवल । तिलोत्तमा ड्राइभरटोलस्थित न्यू होराइजन जीबीएस स्कुलले आउँदो पुस ३० गते आफ्नो ३२औँ वार्षिकोत्सव मनाउने भएको छ । विद्यालयले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी वार्षिकोत्सव सप्ताहव्यापी कार्यक्रमसहित मनाइने जानकारी दिएको हो ।

विद्यालयका प्राचार्य गोपालप्रसाद आचार्यका अनुसार वार्षिकोत्सवअन्तर्गत शुक्रबारदेखि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सप्ताह सुरु भइसकेको छ । पुस २९ गते पुरस्कार वितरण, खाना महोत्सव तथा सांस्कृतिक झाँकी प्रदर्शन गरिनेछ भने पुस ३० गते मुख्य समारोहको आयोजना गरी विद्यालयको ३२औँ वार्षिकोत्सव औपचारिक रूपमा मनाइनेछ ।

मुख्य समारोहका दिन ४.० जीपीए प्राप्त गर्ने विद्यार्थीलाई स्वर्ण पदक प्रदान गरिनुका साथै पुरस्कार वितरण, विद्यार्थी, शिक्षक तथा अभिभावक सम्मान कार्यक्रम आयोजना गरिने प्राचार्य आचार्यले जानकारी दिए ।

शैक्षिक गुणस्तरको पर्यायका रूपमा पहिचान बनाउँदै आएको न्यू होराइजन शैक्षिक संस्था २०५९ सालमा स्थापना भएको हो । सुरुमा बुटवलको दरबार लाइनबाट सञ्चालन सुरु गरिएको संस्था पछि भौतिक पूर्वाधार विस्तार गर्दै २०६१ सालदेखि ड्राइभरटोलमा सञ्चालन हुँदै आएको छ । यसैगरी २०५० सालमा शंकरनगरको ड्राइभरटोलमा स्थापना भई आधारभूत शिक्षा प्रदान गर्दै आएको गौतमबुद्ध स्कुललाई २०६९ सालमा आफ्नो स्वामित्वमा लिएर न्यू होराइजन गौतमबुद्धका रूपमा संस्थागत समायोजन गरिएको प्राचार्य आचार्यले बताए ।

विद्यालयमा हाल ३ हजार ५ सय विद्यार्थी अध्ययनरत छन् भने २३० जना शिक्षक तथा कर्मचारी कार्यरत रहेका छन् । 'क' वर्गमा सूचीकृत न्यू होराइजन जीबीएसले २०७९ सालमा आइएसओ ९००१:२०१५ प्रमाणपत्र समेत प्राप्त गरेको छ । साथै विद्यालय लगातार तेस्रो पटक तिलोत्तमा नगरपालिकाबाट सम्मानित भएको प्राचार्य आचार्यले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र कसजुले निजी विद्यालयले शिक्षा क्षेत्रमा पुर्‍याएको योगदान राज्यले अझै पर्याप्त रूपमा नबुझेको गुनासो व्यक्त गरे । उनले भविष्यमा क्षेत्रीय विश्वविद्यालयको रूपमा स्थापना हुने सपना संस्थाले देखेको उल्लेख गर्दै त्यसका लागि राज्यले स्पष्ट नीति निर्माण गर्नुपर्नेमा जोड दिए । साथै सामुदायिक र संस्थागत विद्यालयप्रति राज्यले विभेद गरेको गुनासो गर्दै विभेदकारी व्यवहार परिवर्तन आवश्यक रहेको बताए ।

कार्यक्रममा विद्यालयका शिक्षक कृष्ण पाण्डेले पनि विद्यालयका गतिविधिबारे जानकारी गराएका थिए ।

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com